महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू/अध्यक्षज्यू,
नगर/गाउँ कार्यपालिकाको कार्यालय,

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको सन्देश

टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता व्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय

पत्र संख्या:२०७५।०७६ च.नं

मितिः २०७५। १२ ।१२

श्री प्रमुखज्यू,
मेल्लेख गाउँपालिका,
अछाम ।

विषयः **लेखापरीक्षण प्रतिवेदन** ।

यस मेल्लेख गाउँपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

लेखापरीक्षकको जिम्मेवारी - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलब्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.१ करोड ९४ लाख ४१ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.१९ लाख ८५ हजार, नियमित गर्नुपर्ने रु.१३ लाख २ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१ करोड २४ लाख ६२ हजार र पेश्की रु.३६ लाख ९२ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।५।१८ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया सहितको प्रमाण कागजातका आधारमा बेरुजु फछ्र्यौट नभई कायम व्यहोराको लेखापरीक्षण प्रतिवेदन पाना २६ यसैसाथ संलग्न छ ।

कैफियत सहितको लेखापरीक्षण राय - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्ण प्रसाद ढकाल)
नायव महालेखापरीक्षक

मेल्लेख गाउँपालिका
लेखापरीक्षण प्रतिवेदन
२०७४।७५

परिचय : स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन सङ्कलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न जनताको सहभागितामा आधारिता दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यको लागि यस गाँउपालिकाको स्थापना भएको हो । नेपाल सरकार एवं स्थानीय तहमै उपलव्ध हुने स्रोत साधानको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मूख्य उद्देश्य रहेको छ ।

स्थानीय सञ्चितकोष : आर्थिक वर्ष २०७४।७५ स्थानीय सञ्चित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ :

आर्थिक वर्ष २०७४।०७५ को एकिकृत आय-व्यय विवरण

सि.नं.	आयतर्फ			सि.नं.	व्ययतर्फ		
	विवरण	रकम	रकम		विवरण	रकम	रकम
१	**गत वर्षको जिम्मेवारी**			१	**चालु खर्च**		१३९५६९७९५.९१
	क) नगद		६४१०२८९.५०		समानिकरण	४२६४१९६४.२८	
	ख) बैंक	६४१०२८९.५०			शसर्त	९६९२७८३१.६३	
	ग) धरौटी	०.००			आन्तरिक	०.	
	घ) कोष तर्फको	०.००		२	**पूँजिगत खर्च**		१२२१५०३९९.
२	**राजस्व (आन्तरिक आय)**		**४२३०६६.४१**		समानिकरण	१२१६९०३९९.	
	क) आन्तरिक राजस्व	४२३०६६.४१			शसर्त	४६००००.००	
	ख) राजस्व बाँडफाँड				आन्तरिक	०	
	ग) अन्य आय	०.००		३	**संघिय सरकार हस्तान्तरित कार्यक्रम चालु खर्च**		६९५४४१४२
३	**केन्द्र सरकारबाट वित्तीय हस्तान्तरण**		**२९२५४७०००.००**		स्थानिय शा.तथा सामुदायिक विकास कार्यक्रम	११०१०००	
	क)वित्तीय समानीकरण अनुदान	१८६८९५०००.००			सामाजिक सुरक्षा	५७०२७६००	
	ख) सशर्त अनुदान	१०५६५२०००.००			ग्रामिण जलस्रात व्यवस्थापन परियोजना	२०९१७३७	
	ग) समपूरक अनुदान	०.००			बहुक्षेत्रिय पोषण कार्यक्रम	१२६५०००	
	घ) विशेष अनुदान	०.००			शसर्त अनुदान निकासा फिर्ता कोष कार्यलय	८०५८८०५	
4	**संघिय सरकार हस्तान्तरित कार्यक्रम**		७४३४३५५६.००	४	**संघिय सरकार हस्तान्तरित कार्यक्रमको पुँजिगत खर्च**		१२८५८२१९
	स्थानिय शासन तथा सामुदायिक विकास कार्यक्रम	१७०१०००.००			स्थानिय शासन तथा सामुदायिक विकास कार्यक्रम	६०००००	
	सामाजिक सुरक्षा	५७०२७६००.००			ग्रामिण जलस्रात व्यवस्थापन परियोजना	७२६८०००	
	ग्रामिण जलस्रात व्यवस्थापन परियोजना	९३५९७३७.००			दुर्गम विकास कोष	४८८७९४	
	बहुक्षेत्रिय पोषण कार्यक्रम	१२६५०००.००			साना सिंचाई कार्यक्रम खर्च	४५०१४२५	
	दुर्गम विकास कोष	४८८७९४.००					
	साना सिंचाई कार्यक्रम	४५०१४२५.००					
५	**प्रदेश सरकारबाट प्राप्त अनुदान**		४२७०००.००	५	**वित्तीय व्यवस्था भुक्तानी**		
	क)वित्तीय समानीकरण अनुदान	०.००			क) ऋण भुक्तानी	०	०
	ख) सशर्त अनुदान	४२७०००.००			ख) व्याज भुक्तानी	०	०
	ग) समपूरक अनुदान				ग) अन्य भुक्तानी	०	०
	घ) विशेष अनुदान			६	**लगानी**	०	०
६	**अन्तर स्थानीय तहबाट प्राप्त**				ऋण लगानी	०	०
७	**वित्तीय व्यवस्था प्राप्ति**				शेयर लगानी	०	०
	क) ऋण प्राप्ति				अन्य लगानी	०	०
	ख) साँवा प्राप्ति			७	**धरौटी फिर्ता**	१८१०१.००	१८१०१.००
	ग) ब्याज प्राप्ति			८	**कोष खर्च**	०	
	घ) अन्य प्राप्ति			९	**मौज्दात**		३००२८३५५.८८
८	**विभिन्न कोषतर्फको आय**	०.००	०.००		क) नगद मौज्दात	०	

९	जनसहभागिता (नगद)				ख) बैंक मौज्दात संचित कोष	१२००२७१६.४१	
१०	विषयगत निकायबाट प्राप्त				ग) बैंक मौज्दात चालु खर्च खाता	८८०७०२३.४७	
११	धरौटी आय	१८१०१.००	१८१०१.००		घ) बैंक मौज्दात पुँजिगत खर्च खाता	९२१८६१६.	
१२	लगानीको साँवा फिर्ता				ग) कोष तर्फ मौज्दात	०.	
१३	अन्य विविध आय				घ) धरौटी बाँकी	०	
१४	लगानीको साँवा फिर्ता					०.००	
१५	अन्य विविध आय						
	जम्मा		३७४१६९०१२.९१		जम्मा		३७४१६९०१२.९१

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम रु.
१.	**विद्युतिय लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेख नियन्त्रकको कार्यलयले निशुल्क रुपमा उपलब्ध गराई सवै गाँउपालिकाहरुले सुत्र (SUTRA) सफ्टबेयर प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले उक्त सपफ्टवेयरको प्रयोग गरेको देखिएन । सपफ्टवेयर प्रयोग गरी बिद्युतीय लेखा प्रणली अपनाउनु पर्दछ ।	
२.	**लक्ष्य/प्रगति स्थिति** – आर्थिक कार्याविधि नियमावली, २०६४ को नियम २५ अनुसार कार्यालयले वार्षिक प्रतिवेदन तयार गरी तालुक कार्यालयमा पठाउनु पर्ने र नियम २६ अनुसार तालुक कार्यालयले भौतिक एवं वित्तिय प्रगतिको समिक्षा गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले यस वर्ष नियमको उक्त व्यवास्था अनुसार सबै कारोबारको भौतिक एवं वित्तिय प्रगति तयार गरेको छैन । जसबाट तोकीएको लक्ष्य अनुरुप प्रगति भए नभएको बिश्लेषण गर्न सकिएन लक्ष्य प्रगति तयार एवं बिश्लेषण गर्नेतर्फ कार्यालयले ध्यान पुऱ्याउनु पर्ने देखिन्छ।	
३.	**लेखा स्रेस्ता** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९२ मा कार्यालयको विनियोजन, राजस्व, धरौटी जिन्सी र अन्य कारोबारको स्रेस्ता महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा राख्नुपर्ने र यसरी राखेको लेखा स्रेस्ता अद्यावधिक भए नभएको कार्यालय प्रमुखले चेकजाँच गर्नुपर्ने व्यवस्था छ । कार्यालयले स्वीकृत ढाँचामा लेखा राख्ने प्रयास गरेता पनि साविक जिम्मेवारी यकिन नभएको, जिन्सी खाता, बैक नगदी किताब, लेजर लगायत खाताहरु प्रमाणित नगरेको, खर्चको बिल भरपाई तेरिज बनाई जोडजम्मा गर्ने नगरेको, आम्दानी तर्फको म.ले.प.फा.नं.१०८ र २३ जस्ता खाता नराखेको, कार्यक्रम संचालनका सबै विल भरपाई हाजिरी लगायतका प्रमाण आंशिकमात्र राख्ने गरेको, श्रेस्तासँग सम्बन्धीत कागजातहरु छुट्टै राख्ने गरेको, एकभन्दा बढी कार्यक्रमका लागि एकैपटक पेश्की दिई काम गर्ने गराउने गरेको, समयमा पेश्की फछ्र्यौट गर्ने नगरेको, नापी किताव लगत सिटमा नराखेको, आर्थिक कार्याविधि नियमावली, २०६४ को नियम २५ अनुसार भौतिक एवं. वित्तिय स्थिति देखिने गरी वार्षिक कार्यक्रको लक्ष्य प्रगति विवरण तयार नगरेको जस्ता व्यहोराहरु देखिएको छ । जसबाट कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली नियम ९५ अनुसार भएको र कार्यालय प्रमुखबाट नियमित चेकजाँच भएको छ भन्न सकिएन । यसमा कार्यालय प्रमुखले ध्यान दिई आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित गर्नुपर्दछ ।	
४.	**आन्तरिक नियन्त्रण प्रणाली:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी , नियमितता र दक्षतापुर्ण ढंगावाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रर्णालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । चेकलिष्टको आधभारमा यस गाँउपालिकाको आन्तरिक नियन्त्रण व्यवस्थाको परीक्षण गर्दा निमन बिषयमा प्रयापत नियन्त्रण भएको देखिएन । उक्त बिषयमा गाँउपालिकाले नियन्त्रण एवं सुधार गरी आन्तरिक नियन्त्रण प्रणलीलाई व्यवस्थित गर्नपर्ने देखिन्छ । • मासिक र वार्षिक प्रतिवेदन तयार गरेको छैन, • कार्य जिम्मेवारी र जवाफदेहिता स्पष्ट गरेको छैन, • परियोजना र क्रियाकलापहरूको प्राथमिकता निर्धारण भएको छैन, • अन्तिम चौमासिक र आषाढ महिनामा तोकिएको सीमाभन्दा बढी खर्च गरेको छ । • सार्वजनिक सुनुवाइ मार्फत बजेटले जनताको माग सुनुवाई भएको छैन, • योजना कार्यान्वयन तालिका निर्माण गरेको छैन, • निर्धारित समयमा निर्माण सम्पन्न भएको छैन, • अनुगमन प्रतिवेदन कार्यान्वयन गरेको छैन, • करको दायरा पहिचान भएको छैन, • ठेक्का सम्झौता बमोजिम तोकिएको समयमा सम्पन्न नहुने तथा आयोजना अधुरा रहने गरेको छ, • योजना हस्तान्तरण तथा खर्चको सार्वजनिक परीक्षण भएको छैन, • योजनागत कन्टिन्जेन्सी कता गरी निकासा गर्ने र कता गरेको कन्टिन्जेन्सीको खर्चको पारदर्शीता अनुसार खर्च गर्ने गरेको	

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम रु.
	छैन, ● बैंक मार्फत भुक्तानी भएकोमा लाभग्राहीको नाम नामेसी सहितको बैंक स्टेटमेन्ट पेश भएको छैन, ● फोहोर मैलालाई स्रोतमा छुट्याई परिमाण कम गर्ने सम्बन्धी जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरेको छैन, ● जिम्मेवारीको सूची/कार्य विभाजन तोकिएको अनुरुप भएको छैन, ● प्रशासनिक खर्चको सीमा निर्धारण गरेको छैन, ● राजस्व सम्वन्धी कानून निर्माण गरेको छैन, ● अभिलेख कायम गरिएका सबै सम्पत्तिको हकमा सङ्केतीकरण गरेको छैन,	
४.१.	**कर्मचारी कल्याण कोष** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधिउपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । व्यवस्था स्थानीय तहले कार्यालयलाई कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले यस वर्ष कर्मचारी कल्याण खातामा कुनै प्रकारका रकम ल्याएको देखिएन । कर्मचारी व्यवस्थापनका लागि उचित कोषको व्यवस्था गरी कर्मचारीको उचित व्यवस्थापन हुने व्यवस्था गर्नुपर्दछ ।	
४.२.	**भवन नक्सा पास :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २५ वमोजिम गाँउपालिका क्षेत्रमा नक्सा पास गाँउाई घर निर्माण गर्न नपाइने व्यवस्था छ । गाँउपालिकामा यस वर्ष नक्सापासका लागि कुनै निवेदन पेश भएको छैन । गाँउपालिकाले गाँउक्षेत्र भित्र रहेको घरहरुको नक्साङ्कन गर्ने, नयाँ निर्माणाधीन भवनहरुको निगरानी र अनुगमन बढाई नक्सा पास गराउन प्रोत्साहित गरी गाँउपालिकाको राजस्व बृद्धि गर्नेतर्फ आवश्यक पहल गर्नुपर्दछ ।	
४.३.	**स्थानीय तथ्यांक र अभिलेख**: स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम गाँउपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाँउपालीकाले स्थानीय तथ्यांक सम्वन्धी निती, कानून र सोको मापदण्ड बनाएको छैन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यस तर्फ गाँउपालीकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ ।	
५.	**चौमासिक खर्च सन्तुलन** : स्वीकृत वार्षिक कार्यक्रम तथा अख्तियारी अनुसार तोकिएबमोजिम चौमासिक रुपमा कार्यक्रम/क्रियाकलाप सञ्चालन गरिनु पर्दछ । कार्यालयले यो बर्ष १२ करोड ७५ लाख ६ हजार खर्च गरेकोमा प्रथम चौमासिकमा १४लाख ११ हजार (१.२२%), दोश्रो चौमासिकमा १ करोड ४३ लाख ११ हजार (११.२२%) र तेस्रो चौमासिकमा ११ करोड १७ लाख ६१ हजार (८७.६५ %) र आषाढ महिनामा मात्र रु.५ करोड २५ लाख ८० हजार(४१.२३ %) खर्च गरेको पाइयो । आर्थिक वर्षको अन्त्यमा अधिक मात्रामा कार्य सञ्चालन गर्दा प्राबिधिक कर्मचारीको अभाबमाा सुपरीबेक्षणमा चाप पर्ने तथा मौसमको प्रतिकुलताको कारण गुणस्तर कायम गर्न समेत असर पर्ने भएकोले स्वीकृत कार्यक्रम र चौमासिक लक्ष्य अनुसार सँचालन गरि खर्च गर्ने व्यबस्था अबलम्बन गर्नुपर्दछ ।	
६.	**जनशक्ती व्यबस्थापन** : स्वीकृत दरबन्दी अनुसार पदपूर्ति हुनुपर्दछ । नगरपालिकाको लागी लागी ३३ दरबन्दी स्वीकृत भएकोमा निम्न पदमा २८ दरबन्दी रिक्त रहेको देखियो ।	

पद	दरबन्दी	पदपुर्ति	रिक्त	कैफियत
ईन्जिनियर	१	०	१	
सुचना प्रबिधि अधिकृत	१	०	१	
बिद्यालय निरीक्षक	१	०	१	
म.बि.नी	१	०	१	
ओभरसियर	२	०	२	करारमा नियुक्त

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम रु.

कम्प्युटर अपरेटर	१	०	१	
नायब सुब्बा प्रशासन	६	१	५	
नायब सुब्बा न्याय	१	०	१	
आ.ले.प शाखा लेखापाल	१	०	१	
बडा तर्फ				
ना.सु खरिदार	८	२	६	
ओभरसियर	८	२	८	
	३१	५	२८	

कार्यालयमा कायम दरबन्दीमध्ये २८ कर्मचारीहरुको पद रिक्त रहेकोले, कार्यचाप, ढिलासुस्ति तथा कार्यमा गुणस्तरियता हुन नसक्ने र लक्ष्य अनुरुप प्रगति हासिल गर्न कठिन हुने भएकोले दरबन्दी अनुरुप पदपुर्ति गर्नेतर्फ सम्बन्धीत निकायको ध्यान जानुपर्ने देखिन्छ ।

७. **ठेक्का व्यवस्थापन** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २० (३) मा कार्यक्रम सूचारु रुपले कार्यान्वयन गराउन र निर्धारित समयभित्र कार्यसम्पन्न गर्न लागत अनुमान तयार गर्ने, ठेक्का पट्टा स्वीकृत गर्नें कार्य समेत प्रथम चौमासिक अवधिभित्र समाप्त गरिसक्नु पर्ने व्यवस्था भएकोमो उल्लेखित अवधिभित्र ठेक्का पट्टाको कार्य सम्पन्न गर्न सकेको पाइएन । प्राप्त विवरण अनुसार कार्यालयबाट यस वर्ष विभिन्न निर्माण कार्यका लागि ४ वटा ठेक्का व्यवस्थापन भएकोमा तेस्रो चौमासिकको आषाढ महिनामै ठेक्का संझौता गरेको पाइयो । ठेक्का व्यवस्थापनलाई प्रभावकारी बनाउन नियमानुसार प्रथम चौमासिक अवधिमै लागत अनुमान तयार गर्ने तथा ठेक्का पट्टा स्वीकृत गरि सम्झौता गर्नेतर्फ ध्यान दिनुपर्ने देखिएको छ ।

८. **कन्टिन्जेन्सी खर्च :** सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढांचा अनुसूची -१ को व्यवस्था रहेको छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत गरी ५ प्रतिशत कन्टिन्जेन्सी वापत थप गर्नें व्यवस्था रहेको छ । सो अनुरुप निर्माण कार्यको लागत अनुमानको ५ प्रतिशतसम्म कन्टिन्जेन्सी खर्च गर्न सकिने मान्यता राखी कन्टिन्जेन्सी खर्च हुँदै आएको छ भएतापनि गाँउपालिकाले ४ प्रतिशत कन्टिन्जेन्सी कटाई भुक्तानी गर्ने गरेको छ । सो सम्बन्धमा देखिएका व्यहोरा यस प्रकार छन् :

८.१. कार्यालयबाट प्राप्त बिबरण अनुसार यो बर्ष कुल कन्टेन्जिन्सी खर्च अनुगमन सुपरभाईजर ज्याला, भवन मरमत, अफिस सामान खरिद, सबारीसाधन मर्मत, दैनिक भ्रमणभत्ता भुक्तानी लगायत बर्क चार्ज खर्चमा रु.१८ लाख ९८ हजार र ईन्धन, स्टेशनरी सुचना प्रकाशन मर्मत तथा मालसामान खरिद लगायत सानातिना खर्चमा रु. ३९ लाख ८० हजार समेत रु.५६ लाख ६४ हजार खर्च लेखेको पाइयो । जुन यस वर्षको कूल सार्वजनिक निर्माण खर्च रु. १२ करोड ७५ लाख ६ हजार को ४.४४ प्रतिशत हुन आउंछ ।

गाँउपालिकाबाट प्राप्त विवरण अनुसार योजनागत रुपमा कन्टिन्जेन्सी खर्चको अभिलेख नराखी एकमुष्ट लेखा राख्ने गरेकोले योजनागत रुपमा कन्टिन्जेन्सी खर्च भिडान गर्न नसकिने अबस्था रहेको देखियो । आयोजनागत रुपमा खर्चको अभिलेख राख्नुपर्दछ ।

९. **न्यून बजेटका योजना संचालनः-** गाँउपालिकाले यो बर्ष गाँउपालिका पुजिगत बजेट अनुदान शिर्षकबाट जम्मा २७७ कार्यक्रमको लागी बजेट स्वीकृत गरको मध्ये रु.२५,०००।- देखि ५०,०००।- सम्मको १०३ र १ लाख सम्मका ६८ समेत १७१ योजना रु.१ लाख भन्दा कम बजेट स्वीकृत गरेको देखियो । यस्ता आयोजना कार्यान्वयन गर्दा लाग्ने लागत भन्दा त्यसको लागत अनुमान तयार गर्ने , निर्माण कार्यको निरीक्षण गर्ने, नापजाँच गर्ने र अनुगमन एबं सार्बजनिक परीक्षण गर्ने कार्यमा बढि खर्च लाग्न सक्ने हुँदा न्युन बजेटका योजना सँचालन गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

१०. **<u>उपभोक्ता समितिबाट निर्माण कार्य</u>**
उपभोक्ता समितिबाट भएको निर्माण कार्यको परीक्षण गर्दा देखिएको व्यहोराहरु यस प्रकार छन् :

१०.१. **उपभोक्ता समिति दर्ता** – संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार कुनै पनि संस्था बिधान सहित दर्ता

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम रु.
	नभएमा संस्थालाई कानूनी मान्यता दिन मिल्ने देखिदैन । कार्यालयले यसवर्ष संझौता गरेका कुनैपनि उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुनेगरी दर्ता नभई स्थानीय रुपमा आयोजनालाई बजेटपरेको आधारमा अस्थाई समिति गठन हुने र काम सम्पन्न पश्चात समिति विघटन हुने हुंदा निर्माण सम्पन्न योजनाहरु अलपत्र भएमा जिम्मेवार बनाउन कठिनाई हुने भएकोले स्थायी संयन्त्रमार्फत काम गर्ने गरी उपभोक्ता समितिको कार्यमा सुधार हुनुपर्दछ ।	
१०.२.	**मेसिनको प्रयोगः-** सार्वजनिक खरिद नियमाबली २०६४ को नियम ९७(९) मा उपभोक्ता समितिबाट निर्माण बा सँचालित हुने निर्माण कार्यमा एक्जाभेटर, डोजर, लोडर जस्ता मेसिनरी उपकरण प्रयोग गर्न नसकिने तर लागत अनुमान तयार गर्दा नै जटिल प्रकृतिको काम भएको हुँदा मेसिन प्रयोग गर्नुपर्ने भनि प्राबिधिकबाट सिफारीस भई आएकोमा मेसिन प्रयोग गर्न सकिने उल्लेख छ । गाँउपालीकाले अधिकांस ग्रामिण सडक निर्माणमा मेसिनबाट काम गराउने भनि लागत अनुमान तयार गरि उपभोक्ता समितिबाट मेसिन प्रयोग गरि काम गराएको देखियो । श्रमप्रधान काम उपभोक्ता समितिबाट गराउनुपर्ने नियमाबलीको मनसाय भएतापनि अधिकाँश बाटो निर्माणको काम मेसिनबाट गर्ने गरी लागत अनुमान तयार गरी काम गराएबाट मेसिन प्रयोग नहुने काम उपभोक्ताबाट गराउने नियमको मनसाय पालना भएको देखिएन । त्यसमा गाँउपालिकाले ध्यान दिनुपर्दछ ।	
१०.३.	**लागत अनुमान र कार्यसम्पन्न प्रतिबेदनको रकममा समानता :** सार्बजनिक खरिद नियमाबली २०६४ को ९७ उपनियम (११) अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरी सकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कुल खर्चको विवरण सो निकायमा पेश गर्नु पर्ने व्यवस्था छ । सम्बन्धित सार्वजनिक निकायले त्यसरी प्राप्त भएको विवरणको अभिलेख राख्नु पर्नेछ भन्ने व्यबस्था रहेको छ । गाँउपालीकाबाट सँचालीत योजनाहरुमा प्राबिधिकहरुबाट नाँपजाच भएको सबै कार्यहरुको लागत अनुमान अनुरुप शत प्रतिशत कार्यसम्पन्न भएको देखाईएको छ । जसबाट स्थलगत रुपमै बास्तबिक नाँपजाच भएको हो र नभएको काम समेत नाँपजाच भएको छैन भनि बिश्बस्त हुने आधार भएन । यसरी नाँपजाच गर्ने प्रविधिकलाई जिम्मेवार बनाई निर्माण कार्यमा नियन्त्रण एवं सुधार गर्नुपर्दछ । यसरी कार्य सम्पन्न प्रतिवेदन तयार गरेको केही उदाहरण निम्न छन् : **स्थान** | **आयोजनाको नाम** | **लागत अनुमान** | **कार्यसम्पन्न प्रतिबदेन** गाँउपालिका | हात्तिकोट कुस्कोट ग्रामिण सडक नि.उ.स. | २४,९९,९२४/३१ | २४,९९,९२४/३१ गाँउपालिका | ठाँटीबिरा ग्रामिण सडक नि.उ.स. | ५४,९१,४९२/- | ५४,९१,४९२/- गाँउपालिका | सराने गाजा ग्रामिण सडक नि.उ.स. | १८,००,०००/- | १८,००,०००/- गाँउपालिका | बिमकोट मेल्लेख ग्रामिण सडक नि.उ.स. | २०,६७,१२२/- | २०,६७,१२२/- वडा नं.६ | सैनीपानीमुल कुलो नि.उ.स. | ३,०७,२००/- | ३,०७,२००/- वडा नं.७ | प्रसुति एवं आवास गृह व्यवस्थापन | ४,६२,०००/- | ४,६२,०००/-	
१०.४.	**मेसिन भाडामा अनेकताः-** एउटा जिल्ला भित्र प्रयोग हुने डोजरको भाडामा एकरुपता हुनुपर्ने देखिन्छ । आ.ब २०७४।०७५ को जिल्ला दररेटमा डोजरको भाडा प्रतिघण्टा रु.२,०००/- रहेको उल्लेख छ । गाँउपालिकाले डोजरको लागत अनुमान तयार गर्दा स्वीकृत नर्मस र जिल्ला दररेटलाई आधार लिई तयार गरेतापनि उपभोक्ताले सोही काम गर्दा प्रतिघण्टा न्युनतम ३३५०।- देखि ६,५००।- सम्म डोजर भाडामा लिई सम्झौता गरेको देखियो । नगरपालीकाले डोजर भाडामा एकरुपता ल्याउन आबश्यक निर्णय गरि उपभोक्ताले मनोमानि भाडा सम्झौता गरि काम गरे्को देखाई बिल पेश गर्ने परिपाटिमा नियन्त्रण गर्नुपर्दछ । फरक फरक दरमा सम्झौता गरि काम गराएका उदाहरण यस प्रकार छन :- भौ.न मिति | उपभोत्ता समिति | निर्माण व्यबसायी | डोजर भाडा दर ४७, ०७४/१२/२६ | चौखुट्टे नागामाण्डौ सडक नि.उ.स. | के.एम.कन्टक्क्सन | ४,०००/- ७८,०७५/०३/०५ | नन्देगडा झाडीगाँउ सडक नि.उ.स. | भूमिहरी कन्टक्क्सन | ६,५००/- ८२,०७५/०३/०७ | जिरोप्वाइन्ट नन्देगडा सडक नि.उ.स. | के.एम.कन्टक्क्सन | ३,३५०/-	

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम रु.
	१००,०७५/०३/२७ बुढीगंगा ठाटी सडक नि.उ.स. कञ्चन शुभम कन्टक्क्सन ६,०००/-	

१०.५. भाडा कर : आयकर ऐन, २०५८ को दफा ८७ र ८८ अनुसार अग्रिम कर कट्टा गरेर मात्र भुक्तानी गर्नुपर्नेमा निम्न उपभोक्ता समितिलाई ग्रामिण सडकको काम पुरै मेशिनबाट गर्नेगरी लागत अनुमान तयार गरी भुक्तानी दिंदा कर बिजक, डोजर भाडा संझौता पेश नगरी भुक्तानी गरेको र भुक्तानी रकममा १.५ प्रतिशत कर कट्टा गरेको देखियो । कर बिजक पेश नगरी मेशिनबाट काम गराएको देखिंदा भुक्तानी रकममा १० प्रतिशत भाडा कर असुल गर्नपर्नेमा नगरेकोले घटी रकम असुल गर्नुपर्ने रु...

भौ.नं मिति	उ.स.को नाम	कुल भुत्तानी	मेशिनबाट काम गराएको रकम	१० % कर	असुल रकम	बाँकी असुल गर्नुपर्ने
८, ०७४/०९/०४	हात्तिकोट कुसुमकोट सडक निमांण उ.स.	१२१६,७४६/-	५,६८,६६३/-	५६८६६/-	८५३०/-	४८३३६/-
९, ०७४/०९/०४	जयगढ बन्देगडा सडक नि.उ.स.	१४,६५,३३६/-	७,३२,४६६/-	७३,२४६/-	१०,९८६/-	६२,२६०/-
११७,०७५/०३/२९	भिउलेबार सरानी सडक नि.उ.स.(अनुगमन प्रतिवेदनमा मेशिन प्रयोग गरेको उल्लेख)	९,५०,०००/-	९,५०,०००/-	९५,०००/-	०	९५,०००/-
	जम्मा					२,०५,५९६/-

२,०५,५९६/-

१०.६. निर्माण कार्यको नाँपजाच : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(११) मा उपभोक्ता समितिले निर्माण कार्य गरिसकेपछि सम्बन्धित प्रविधिकबाट नाँपजाच गराई भुक्तानी दिनुपर्ने व्यवस्था छ । उपभोक्ताले तयार गरी पेश गरेको नापी किताव परीक्षण गर्दा नापको बिस्तृत विवरण उल्लेख नगरी सारांशमात्र उल्लेख गरेको छ । लागत अनुमानको परिमाण भीत्र देखिएतापनि बिस्तृत विवरण नहुँदा सबै काम सम्पन्न गरी भुक्तानी दिएको छ भन्न सक्ने आधार भएन । यस्मा अनुगमन कर्ता र प्राविधिकलाई जिम्मेवार बनाई विस्तृत विवरण तयार गरेर मात्र भुक्तानी गर्नुपर्दछ । यसरी काम गराएको केही उदाहरणहरु यस प्रकार छन:-

भौ.नं मिति	कामको बिवरण र उपभोत्ता समिति	विल नं.	सम्पन्न निर्माण कार्य	भुक्तानी रकम
१८,०७४/१०/१९	झडिगाँउ-धर्म्याक सडक नि.उ.स.	प्रथम	२१,०९,४४४/-	२०,०३,९१२/-
४४, ०७४/१२/२३	सरानी-कुपडा-ठाटी सडक उ.स.	प्रथम	३९,२५,३८२/-	२९,७३,९३१/-
६२, ०७५/०१/२७	सरानी-कुपडा-ठाटी सडक उ.स.	प्रथम	५८,६३,२५४/-	३२,४८,६४९/-

१०.७. लागत अनुमान एवं खर्चको यथार्थता: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार लागत अनुमान तयार गर्दा स्थानीय जिल्ला दररेटलाई आधार लिई निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । गाँउपलिकाले उपभोक्तालाई ५ प्रतिशत कन्टीन्जेन्सी कटाई भुक्तानी दिन मिल्नेगरी सभाबाट विनियोजित वजेट रकमको परिधिभित्र रही लागत अनुमान तयार गर्ने र सबै निर्माण कार्यमा लागत अनुमान अनुसारको दररेट कै आधारमा नापी किताब र कार्यसम्पन्न तयार गर्ने गरेको छ । निर्माण स्थलको संरचना, माटोको प्रकार लगायत कार्यमा पर्नसक्ने फरकता समेतको बिचार नगरी लागत अनुमान अनुसारको कार्य सम्पन्न गर्ने गरेको निम्न उदाहरणबाट देखिएको छ ।

- गाँउपालिकाबाट बजेडी खोला सिंचाई कुलो निर्माण उपभाक्ता समितिलाई रु.२ लाख ८५ हजार भुक्तानी गरेकोमा २०० मीटर क्यानल लाइन तयार गरेकोमा १०० मीटर मात्र Stone Soiling र Stone Meachinery को काम गरेको कार्य प्रतिवेदन तयार गरेको छ तर कुन चेनेजमा काम भएको हो उल्लेख छैन । कहाँ देखि कहाँ सम्म मरमत गर्नपर्ने हो कुनै आधार बेगर, दर बिश्लेषण समेत नगरी तोकीएको रकम भुक्तानी गरेको देखिन्छ ।
- कासागाढ लघुजल विद्युत आयोजना कुलो मरमतका लागि वडा नं.१ र २ बाट छुट्टछुट्टै वजेट छुट्याई मरमत कार्य सम्पन्न गरी बेग्ला बेग्लै कार्य सम्पन्न प्रतिवेदन तयार गरेको छ भने अनुगमन प्रतिवेदनबाट एकमुष्ट घेरावाल एवं मरमत सम्पन्न भएको जनाई रु.८ लाख भुक्तानीको लागि सिफारिस गरेको छ तर बनाउनु पर्ने के हो यकिन नगरी रंगरोगन लगायत कार्यमा समेत खर्च गरेको देखिएबाट आवश्यकता र बास्तविकताका आधारमा खर्च भएको आधार यकिन भएन ।
- नन्दामाता मा.वि.खेल मैदान निर्माण उपभोक्ता समितिको रु.१६,७९,८२७/- बील भुक्तानी गरेकोमा

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम रु.
	कडा चट्टान, कडा माटो कटान गरेको उल्लेख गरी ठेक्का बील तयार गरेकोमा कुन चेनेजमा चट्टान कटान गर्नुपरेको केही खुलाएको छैन । कडा चट्टानको प्रतिशतका आधारमा गणना गरेको छ । ● ओडगाँउ टोल खानेपानी मरमतमा पाइप २५ एमएम ३०० मी., ३२ एमएम २०० मी. र २० एमएम ४५० मी. रु.५४,०१०/६१(मू.अ.कर समेत)खरिद गरेको बील पेश गरेकोमा उक्त पाइप जडान गरेको नापी किताव तयार गरेको नदेखिंदा खरिद भएको पाइपको सहि उपयोग भएको छ भन्न सक्ने आधार नभएको रु..... यसबाट प्राविधिकले स्थलगत नाँपजाचका आधारमा कार्य सम्पन्न प्रतिवेदन तयार गरेको, अनुगमनले यथार्थ कार्यको पुष्टी हुनेगरी अनुगमन प्रतिवेदन गरेको प्रति आश्वस्त हुन नसक्नुका साथै खर्च भएका बील भरपाई र निर्माण कार्यबीच तालमेल नदेखिएकोले निर्माण कार्यमा भएको खर्च यथार्थता अनुसार वास्तबिक नाँपजाचका आधारमा कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने गरेको छ भन्न सकिएन । अतः संलग्न सबैलाई जिम्मेवार बनाउने व्यवस्था हुनुपर्दछ ।	५४,०१०/६१
१०.८.	**डोर हाजिरः** तोकीएको फारम प्रयागे गर्दा फारममा उल्लेखित विवरणहरु पूर्ण रुपमा भर्नुपर्दछ । उपभोक्ता समितिले डोर हाजिरमा उल्लेखित विवरणहरु पूर्ण रुपमा भर्ने गरेको पाइएन । फारममा हाजिर राख्नेको नाम लगायतको विवरण समेत खुलाउने गरेको छैन । फारमको भाग-३ मा रहेको जिन्सी सामान प्रयोग विवरण लगायत काम गरेका नापीको यथार्थ विवरण भरेको देखिएन । नर्म्स अनुसार जिन्सी सामान खपत र ज्याला खर्च भएको हो होइन ऐकिन हुनसक्ने अवस्था नदेखिंदा निर्माण कार्य भए नभएको समेत यकिन हुन सक्ने आधार नदेखिएकोले फारममा उल्लेखित सम्पूर्ण विवरणहरु तयार गरी खर्चको यथार्थता हुनेगरी डोर हाजिर फारम तयार हुने व्यवस्था गर्नेतर्फ प्राविधिक तथा उपभोक्ताको ध्यान जान जरुरी देखिएको छ ।	
१०.९.	**निर्माण कार्यको लगतः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि सार्वजनिक निकायलाई प्राप्त भएको भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यबस्था भएकोमा गाँउपालिकाले यस वर्ष संचालन गरेको सिंचाइ एवं खानेपानी योजना निर्माण कार्यको लगत अद्यावधिक गरेको देखिएन । गाँउपलिकाले गतविगत वर्ष देखि संचालन भएको कार्यक्रमबाट निर्माण गरेको भौतिक संरचनाहरु समेतको लगत राख्ने व्यबस्था गरी निर्माण कार्यको लगत व्यबस्थापन गर्नुपर्ने देखियो ।	
१०.१०	**सामाजिक/सार्बजनिक परीक्षण तथा सुनुबाई :-** स्थानीय सरकार सँचालन ऐन २०७४ को दफा ७८ मा स्थानिय तहले आफ्नो कार्यालयबाट सम्पादन हुने कार्य मितव्ययी एबं दक्षतापुर्बक सँचालन गर्न अनुगमन एबं सार्वजनिक एबं सामाजिक परीक्षण तथा सुनुबाई जस्ता कार्यक्रम सँचालन गर्नुपर्ने उल्लेख छ । गाँउपालीकाले संचालित योजनाहरुको अनुगमन गर्ने कार्य गरेतापनि केही योजनाको मात्र सार्वजनिक एबं सामाजिक परीक्षण कार्य संचालन गरेको देखियो । सबै योजनाको अनुगमन, सामाजिक तथा सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गरेको देखिएन । जसबाट बित्तिय पारदर्शिता र जबाफ देहिताको पालना भएको छ भन्न सकिएन । ऐन को व्यबस्था कार्यान्वयन हुनुपर्दछ ।	
१०.११	**स्थलगत निरीक्षणः-** गाँउपालिकाले यसवर्ष सबै निर्माण कार्य उपभोक्ता समितिबाट गराएको छ । यसरी गरिएका निर्माण कार्यको अनुगमन स्थानिय सरकार संचालन ऐन २०७४को दफा ७८(३) अनुसार गाँउपालीका बा गाँउपालिकाको अध्यक्ष, प्रमुख र जिल्ला समन्वय समितिका प्रमुखले वा उक्त पदाधिकारीहरुले तोकेको अधिकारीले गर्ने व्यबस्था छ । सो अनुसार गाँउपालिकाले रु.५ लाख सम्मका योजनाहरु वडा अध्यक्षबाट र सो भन्दा माथिको योजनाहरु गाँउपालिकाको उपाध्यक्षको संयोजकत्वमा विपक्षी दलका प्रतिनिधी, प्राविधिक कर्मचारी र एकजना पत्रकार समेतको समितिले अनुगमन गरी सम्पन्न निर्माण कार्यको भुक्तानीका लागि सिफारिस गर्ने गरेको छ । अनुगमन पश्चात दिएको प्रतिबेदनमा निर्माण कार्यको नाम कामको लम्बाई, चौडाई, नरम माटो, र कडा माटो वा चट्टानको कार्य के कति गरेको, के कति काम नभएको स्पष्ट नखुलाई प्राविधिक इस्टीमेट अनुसार निर्माण कार्य गरेकोले भुक्तानी गर्न सिफारिस गरेको देखियो । प्राविधिक बील र निर्माण कार्यमा प्रयोग भएको सामाग्री खरिद बील बिच तालमेल नदेखिएको अवस्थामा समेत अनुगमनबाट सोही व्यहोरा उल्लेख गरी भुक्तानी भएको देखिएकोले योजनाको कार्य प्रकृति अनुसार अनुगमन भएको छ भन्न सक्ने स्थिति	

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td></td><td>देखिएन ।
यसबाट अनुगमन वास्तबिक भन्दा प्रकृयामुखि मात्र भएको छैन भन्न सकिएन । लेखापरीक्षणको समय श्राबण २१ देखि भाद्र २० सम्म भएको र बर्षाको कारण कच्चिबाटो पहिरो एवं हिलोको कारण अबरुद्ध भएको हुँदा स्थलगत निरीक्षण गर्न सकिएन । सम्बन्धित पदाधिकारीहरु बाट हुने अनुगमन कार्यलाई जिम्मेबार बनाई निर्माण कार्यको गुणस्तर कायम हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१०.१२</td><td>नापी किताब प्रबिष्टी एवं अभिलेख : निर्माण कार्यको विस्तृत अभिलेखाकनका लागि स्वीकृत ढांचाको नापी किताब म.ले.प.फा.न. १७१ मा ठेक्का नं. आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख हुनुपर्ने व्यबस्था छ । गाँउपालिकाले तयार गरेको नापी कितावमा उक्त व्यहोरा उल्लेख नगरी कामको परिमाण र रकम मात्र उल्लेख गर्ने गरेको छ ।
गाँउपलिका कार्यालयले नापी सम्बन्धी अभिलेख नापी किताबमा राखेको भए तापनि अधिकांश योजना एवं ठेक्का कार्यको लागि रनिङ बिल अनुसार नापी किताब लुज सिट मा तयार गर्ने गरेको पाईयो । तोकिएको ढांचामा सबै व्यहोरा खुलाई एउटै नापी किताव नराखी ठेक्का बिल अनुसार अलग अलग नापी किताब राख्दा नियमावलीको व्यवस्था अनुसार २० वर्षसम्म आवश्यक सूचना लिन अभिलेख व्यबस्थापन गर्न कठिन पर्ने देखिन्छ । तसर्थ नापी किताब नियन्त्रण खाता म.ले.प.फा.नं. १७२ मा समेत अभिलेख राखी स्वीकृत ढांचा बमोजिमको नापी किताव प्रयोगमा ल्याईनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१०.१३</td><td>आयोजना हस्तान्तरण : सार्बजनिक खरिद नियमाबली २०६४ को नियम ९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ । यो बर्ष उपभोत्तास समितिबाट सम्पन्न गरेको कुनै पनि आयोजना नियमाबलीको व्यबस्था बमोजिम हस्तान्तरण गरको देखिएन । जसबाट सम्पन्न आयोजना मर्मत, रेखदेख तथा उचित संरक्षण हुन नसकि लगानी खेर जान सक्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>११.</td><td><u>बित्तिय समानिकरण पूँजीगत तर्फ</u>
दोहोरो भुक्तानी :- आर्थिक कार्यबिधि नियमाबली २०६४ को नियम ३६(८) मा कुनै रकम भुत्तानी दिँदा रीत पुगे नपुगेको चेक जाँच गरेरमात्र भुत्तानी दिनुपर्ने व्यबस्था छ । बडा नं ६ को निम्न निर्माण कार्यको लागत अनुमान तयार एबं नापी गरि भुत्तानी दिँदा निर्माण सामाग्री , सिमेन्ट एबं दक्ष एबं अदक्ष मिस्त्रिको ज्याला निर्माण कार्यको दर बिष्लेषणमा समाबेश गरि भुक्तानी भई सकेको अबस्थामा नापी किताबमा पुन. सिमेन्टको छुट्टै, दक्ष र अदक्ष मिस्त्रिको छुट्टै थप गरि दोहोरो भुक्तानी दिएको देखियो । यसरी दोहोरो पर्ने गरि लागत अनुमान एबं नापी गर्ने प्राबिधिक लाई सार्बजनिक खरिद नियमाबली २०६४ को नियम ५(क) अनुसार कारबाही गरि बढी भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रु
<table>
<tr><th>भौ.नं मिति</th><th>कामको बिबरण</th><th>कार्यसम्पन्न प्रतिबेदन</th><th>भुत्तानी रकम</th><th>लागत अनुमानमा दोहोरो समाबेश भैसकेको दक्ष/ अदक्ष जनशक्ती</th><th>दोहोरो भुक्तानी रकम</th><th>जनसहभागीता कटाई असुल गर्नुपर्ने</th></tr>
<tr><td>४१-०७५/०३/१३</td><td>षोडसा आधारभुत बिद्यालय नि.उ.स</td><td>४,५०,०००</td><td>३,६०,००० </td><td>दक्ष/अदक्ष ८० जना</td><td>४८,७५०</td><td>३९,०००</td></tr>
<tr><td>४६-०७५/०३/१५</td><td>बडा नं ६ कार्यालयको भबन</td><td>७,८०,०००</td><td>६,५०,००० </td><td>दक्ष/अदक्ष १६८ जना</td><td>१,१०,२५०</td><td>९१,८७१</td></tr>
<tr><td>५०-०७५/३/२४</td><td>दलित भबन निर्माण उपभोक्ता समिति</td><td>४,२८,३३१</td><td>३,५७,००० </td><td>३० व्याग सिमेन्ट</td><td>३६,०००</td><td>३०,०००</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td>जम्मा</td><td>१,६०,८७१/-</td></tr>
</table>
</td><td>१,६०,८७१/-</td></tr>
<tr><td>१२.</td><td>ओभरहेड रकम भुक्तानी :- आर्थिक कार्यबिधि नियमाबली २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति मार्फत गर्ने काममा ओभरहेड भुत्तानी दिन नपाउने व्यबस्था छ । गाँउपालिकाले भौ.नं ४६।२०७५।०३।१५ बाट बडा नं ६ कार्यालय भबन निर्माण उपभोक्ता समितिलाई pcc work in flor 1:2:4 को ६.७१ घ.मी. भुत्तानी दिँदा ओभरहेड बाहेक रु १४,६३९।- को दरमा भुत्तानी दिनु पर्नेमा ओभरहेड</td><td></td></tr>
</table>

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम रु.
	समेत रु १८,८०८।- को दरले भुत्तानी दिई रु २७,९४७।१५ ओभरहेड भुक्तानी दिएको देखियो । लागत अनुमानमा ओभरहेड ओभरहेड समाबेश गर्ने प्राबिधिक कर्मचारीलाई नियम ५(क) २ अनुसार जिम्मेबार बनाई बढी भुक्तानी दिएको रकम असुल गर्नुपर्ने देखिएको रु	२७,९४७/-
१३.	**नगरेको कामको भुक्तानी :-** सार्बजनिक खरिद नियमाबली २०६४ को नियम ९७(११) मा उपभोक्ता समितिले निर्माण कार्य गरिसकेपछी सम्बन्धीत प्राबिधिकबाट नापजाँच गराई भुक्तानी लिनुपर्ने व्यबस्था छ । हात्तीकोट - मेल्लेख सडक निर्माण उपभोक्ता समिति सँग ३३,७६,५००।- को काम सम्पन्न गरि रु २५,००,०००।- भुक्तानी लिने गरि सम्झौता भएकोमा भौ.नं ६१।०७५।०१।१६ मा उपभोक्ता समितिले मानिसबाट गरेको र मेसिनबाट गरेको काम अलगअलग देखाई प्रथम रनिङ बिलबाट रु २९,६३,६२४।- को बिल पेश गर्दा सँलग्न भुमिहरी कन्ट्रक्सन एण्ड डेभलपर्स प्रा.ली.को जे.सी.बि बाट माटो कटान गरेको बिजक नं ९-२०७५।१।२६ को कर बिजक मा मध्यम चट्टान काटेको परिमाण ६२९६.८ घ.मी गरेको उल्लेख भएकोमा उपभोक्ताको ठेक्का बिलमा मेसिनबाट काटेको मध्यम चट्टान को परिमाण ९५४० घ.मी.देखाई बढी देखाएको परीमाण ३११०।३० घ.मी. को दर १२४।८३ ले हुने रु ३,८८,२५८।७५ मा २५ प्रतिशत उपभोक्ता सहभागीता कट्टा गरि बढी भुक्तानी दिएको असुल गर्नुपर्ने रु.....	२,९१,१९४/-
१४.	**अधुरो योजना :-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा निर्माणस्थलको व्यवस्था नभई खरिद कार्य शुरु गर्न नहुने र आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३)मा अन्य निकायसँग लिनु पर्ने सहयोग र स्वीकृति बारे पत्राचार र छलफल गर्ने कार्य प्रथम चौमासिकमा समाप्त गर्नुपर्ने व्यवस्था छ । गोला भाट खानेपानी आयोजना निर्माण गर्न ३५,५७,०४५।८१ को लागत अनुमान स्बिकृत गरि कार्यालयले २८,२४,२००।- भुत्तानी गर्ने गरि २०७५।१।२ मा उपभोक्ता समिति सँग सम्झौता भएको देखिन्छ । सम्झौता अनुसार २०७५।०३।१५ सम्म आयोजना सम्पन्न गर्ने उल्लेख छ । जसमा रु १,८०,०००।- को काम सम्पन्न हुँदा मुहान बिबाद भई काम हुन नसकेको भनि बडा अध्यक्षले २०७५।३।२९ मा निबेदन दिएको देखियो । सो अनुसार १,४१,५५०।- भुक्तानी पश्चात निर्माण कार्य स्थगित भएको र सो लगानी अनुत्पादक हुन पुगेको देखियो । निर्माण स्थल एकिन भएपछि मात्र आयोजना सम्झौता गर्न कार्यालय एब उपभोक्ता समितिले ध्यान दिनुपर्दछ ।	
१५.	**भेरिएशन :-** सार्बजनिक खरिद नियमाबली २०६४ को नियम ११८ मा सम्झौता गर्दाको बखत पुर्बानुमान गर्न नसकेको परिस्थीति सिर्जना भएमा भेरिएशन स्वीकृत गर्नुपर्ने र स्थानिय सरकार सँचालन ऐन २०७४ को दफा ७८(७) मा सार्वजनिक तथा सामाजिक परीक्षण तथा सार्वजनिक सुनुबाई जस्ता कार्य गर्नुपर्ने उल्लेख छ । ग्राजिगाँउ नन्देगडा सडक निर्माण को लागी यो बर्ष रु ४,८५,०००।- कार्यक्रम बजेट स्बिकृत भएकोमा बडा नं ७ ले ५,८२,०००।- को लागत अनुमान स्विकृत गरी कार्यालयले र ४,८५,०००।- दिने गरि सम्झौता भएकोमा भौ.नं २४।०३।०५ बाट रु ४,१७,२७९।- भुक्तानी दिएको छ । उपभोक्ता बाट उक्त आयोजनामा रु २५,२७,७०४।- को काम सम्पन्न गरेको भनि २०७४।११।१५ को कार्यपालीकाको निर्णय नं ५ ले ११,००,०००।- थप बजेट स्वीकृत गरि भौ.नं ५९।२०७५।३।२९ बाट थप रु १०,८०,५९३ भुत्तानी दिएको छ । नियमाबलीको व्यबस्था अनुसार कामको परीमाण बढ्नुपर्ने कारण सहित उपभोक्ताले निबेदन दिएको छैन भने प्राबिधिकबाट थप कामको लागत अनुमान तयार गरि स्वीकृत गराएको छैन । विना स्विकृती थप काम गरेको देखाई कार्यसम्पन्न प्रतिबेदन समेत तयार नगरि भुक्तानी भएको रकम अनियमित देखिएको रु.....	१०,८०,५९३/-
१६.	**जमानत जफतः-** सार्बजनिक खरिद ऐन २०६३ को दफा ५ मा बोलपत्र स्वीकृत गरी सम्झौता गर्न ७ दिनको म्याद दिँदा सम्झौता गर्न नआएमा बोलपत्रको जमानत जफत गरि दोश्रो घटी बालाको बोलपत्र स्वीकृत गर्न सक्ने व्यबस्था छ । गाँउपालिकाले वडा नं ४,६ र ८ मा बिद्युत बिस्तारको लागी बिद्युत पोल खरिद कार्यको लागी रु ४७,७०,९९५।- को लागत अनुमान स्वीकृत गरि वोलपत्र गरेकोमा ३ थान परेकोमा २ वटाले बैक ग्यारेन्टी नदिएबाट अस्वीकृत भएको र न्यु शैलेश्बरी सप्लायर्सको न्यु साँफेबगरको रु ४७,२५,०४८।०४ स्वीकृत भई मिति २०७५।०३।०५ मा सम्झौता गर्न आउन अनुरोध गरेकोमा सम्झौता गर्न आएको देखिएन । ठेक्का स्वीकृत पश्चात सम्झौता गर्न नआएको हुँदा निजले राखेको कृषि बिकास बैकको विड ग्यारेन्टी नं BB /०२२७।०२८५।६८३०।१८ को रु ३३,४४६।- , ०२५९।६८०३।१८ को रु ३१५५८।- ,	

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम रु.
	०२७।६८।३०।१८ को रु ५०,०००।– र नगद रु ४४००।- समेत जम्मा रु ११९४०४।- जफत गर्नुपर्नेमा कार्यालयले बैक ग्यारेन्टीको १६ सेप्टेम्बर २००८ को म्याद भित्र अर्थात २०७५।०५।०७ मा बैकलाई पत्राचार गरि बैक ग्यारेन्टीको रकम धरौटीमा जम्मा गर्न अनुरोध गरेको देखियो । ठेक्का स्वीकृति पश्चात सम्झौता गर्न नआएको निर्माण व्यवसायीको जमानत जफत समेतको कारबाही गरी असुल गर्नुपर्ने देखिएको रु.....	१,१९,४०४/-
१७.	**ल्यापटप एबं डेक्सटप दाखिला एबं उपयोगः-** आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ४७ मा खरीद सामान जिन्सी दाखिला गर्नुपर्ने र नियम ५१ मा दाखिला सामानको सँरक्षण गर्ने कार्य कार्यालय प्रमुख समेतको हुने उल्लेख छ । बडा नं ६ को भौ.नं २७।०७४।१२।२९ बाट खरिद भएको निम्नानुसार कम्प्युटर तथा ल्यापटप गाँउपालिकाको खातामा दाखिला गरि हस्तान्तरण फारम भर्नुपर्नेमा दाखिला नै नगरि हस्तान्तरण गरेको र वडाको जिन्सी खातामा दाखिला भएको प्रमाण पेश भएन । साथै बडामा एक डेक्सटप, एक ल्यापटप र एक फोटोकपि मेसिन भए पुग्नेमा सोभन्दा बढि दिएको कारण खुल्न आएन । यसबाट जिन्सी सामानको सँरक्षण भएको छ भनि भन्न सकिएन । अतःउक्त ३ सामान बडामा र बाँकी सामान गाँउपालिकाको खातामा दाखिला भएको प्रमाण पेश हुनुपर्ने रु	४,६१,१३३/-

सि.नं	सामानको नाम	सँख्या	रकम
१	डेल ल्यापटप आई- ५ ३५६७	३	१५९,०००/-
२	डेल ल्यापटप आई- ५	१	५३,१९१/-
३	डेल ल्यापटप आई- ३	४	१,५९,२९२/-
४	ईप्सन L ३६० कलर फोटोकपी	२	३७६००/-
		जम्मा	**४,६१,१३३/-**

१८.	**कार्यसम्पन्न प्रतिबेदनः-** सार्बजनिक खरिद नियमाबली २०६४ को नियम ९७(११) बमोजिम उपभोक्ता समितिबाट भएको निर्माण कार्यको कार्यसम्पन्न प्रतिबेदन तयार पार्नुपर्ने व्यबस्था छ । सराती कुयडा ठाँटी बाटो निर्माण उपभोक्ता समितिसँग रु ८४०००००।- को लागत अनुमान स्वीकृत गरि रु ७०,००,०००।- भुक्तानी दिनेगरि सम्झौता भएकोमा रु ९७,८८,६३६।- को कार्यसम्पन्न गरि ६२,२२,५८०।०० भुक्तानी दिएको देखियो । नियमाबलीको व्यबस्था अनुसार कार्यसम्पन्न प्रतिबेदन तयार गरेको देखिएन निर्माण कार्यको अनुगमन गरि कार्यसम्पन्न प्रतिबेदन तयार गर्नुपर्ने देखिन्छ।	
१९.	**वेरितको कर बिजक :** मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १४(१) अनुसार प्रत्येक दर्ता भएको व्यक्तिले तोकिएको अवस्थामा बाहेक कुनै वस्तु वा सेवा आपूर्ति गर्दा प्रापकलाई रितपूर्वकको बीजक दिनुपर्ने व्यवस्था छ । कार्यालयले निम्नअनुसार सच्याएको विजक जारी गरेको अवस्थामा मू.अ.कर भुक्तानी दिएको देखिंदा भुक्तानी गरेको मू.अ.कर दाखिला भएको भन्न सक्ने आधार भएन । अतः मू.अ.कर समायोजन प्रमाण पेश गर्नुपर्ने रु.....	३,६०,०००/-

शिर्षक	भौ.नं मिति	आपुर्तक	बिल नं	भुक्तानी	मु.अ.कर	कैफियत	
गा.पा पुजितग	०१-२०७४/०६/०८	सॉफेवगर फर्निचर	१	८७०००	११३१०	बिजक नं सच्ययाई १ गरेको	
,,	२१-२०७४/१०/२३	,,	३	५८५००	७६०५	बिजक नं सच्ययाई ३ गरेको	
,,	७७-२०७५/३/२१	कौसिक निर्माण सेवा अछाम	३२	१२३५१४०	१६०५६८	बिजक नं मिति नभएको	
,,	१९-२०७५/०३/२९	त्रिपुरा ट्रेड एण्ड सप्लायर्स		९५०५९६	१२३५७७	आसाढमा १ देखि ४ नम्बरसम्म बिजक	जारी
स्वास्थ्य	०६-२०७५/०३/२१	आखु ईन्टरप्राईजेज प्रा.ली	१	४३८०००	५६९४०	जेष्ठ २५ मा १ नम्बर बिजक जारी गरको	
			जम्मा		३,६०,०००/-		

२०.	**औषधि घटी दाखिला :-** आर्थिक कार्यबिधि नियमाबली २०६४को नियम ४७ मा खरिद सामान जिन्सी दाखिला गर्नुपर्ने व्यबस्था छ । गाँउपालीकाले स्वास्थ्य सेवा कार्यक्रमको निम्नानुसारका औषधीहरु घटी दाखिला गरकोले असुल हुनुपर्ने रु	३८,६००/-

भौ.नं मिति	फर्म	औषधी	खरिद	दाखिला	घटी दाखिला	असुल गर्नुपर्ने
१३,०७५।०३।२९	यशोदा फार्मेसी बिल नं ५३९।२०७५।०३।२२	मेट्रोनिराजोल ४०० एम.जी	२००००	१६८००	३२००	९६००
१४,२०७५।०३।२९	प्रबुद्ध फार्मेसी बिल नं ९१, २०७५।३।१९	क्लोराफेरामीन ४ एम.जी	२००००	-	२००००	२९०००
					जम्मा	३८६००/-

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम रु.
२१.	**संझौता भन्दा बढी भुक्तानी :** सरानीगाड लघुजलविद्युत आयोजनाका उपभोक्ता समितिको मेकानीकल एवं इलेक्ट्रिकल सामान आपूर्तिका लागि प्रकाशित सूचनाको १ नं. बुँदामा आपूर्ति र जडान समेतका लागि सिलबन्दी कोटेशन माग गरेकोमा कुल रु.१८,३६,०४७/-(मू.अ.कर समेत) को सामान आपूर्ति गर्नेगरी २०७४/०१/०२ मा एप्रोपिरियट एन्जिनियरिङ्गसंग संझौता भएको देखियो । संझौता पश्चात ढुवानीको छुट्टैबील थप गरी रु.१९,५०,०००/- भुक्तानी गरेको पाइयो । लागत अनुमान तयार गर्दा नै ढुवानी जोडेर गर्ने खरिद गर्ने ऐनको व्यवस्था भएको र सूचनामै जडान स्थल सम्मको खर्च भनि उल्लेख भएकोले बढी खर्च लेखेको रु.१,१३,९५४/- असुल हुनुपर्ने रु.....	१,१३,९५४/-
२२.	**अधुरो भवनको निर्माण सम्पन्न :** सार्बजनिक खरिद नियमाबली २०६४ को नियम १२५ मा निर्माण कार्य सम्पन्न गरिसकेपछि कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले घट्टेडाँडा नि.मा.वि.को ३ कोठे भवन निर्माण कार्यको लागि यस वर्ष रु.६ लाख विनियोजन गरेकोमा कन्टिन्जेन्सी रु.३०,०००/- कटाई रु.५,७०,०००/- भुक्तानी गरेकोमा उपभोक्ता समितिले रु.७,५१,४५६/- खर्च भएको सार्वजनिक गरेको छ । यस सम्वन्धमा निम्न व्यहोरा देखिएको छ :	
२२.१.	उक्त ३ कोठे भवनका लागि कुल लागत अनुमान तयार गरेरमात्र कार्य शुरु गर्नुपर्नेमा वजेट अनुसार लागत अनुमान तयार गर्ने र सोही अनुसारको वील भरपाई संलग्न गरी कार्यसम्पन्न प्रतिवेदन तयार गरेको छ । क्रमागत रुपमा संचालन हुने भनिएको भवनको यस बर्ष पिल्लर मात्र खडा भएको छ । पटके लागत अनुमान र सम्पन्न प्रतिवेदन तयार गरेको नियम सम्मत देखिएन । कुल लागत अनुमान सहित कार्य तालिका अनुरुपको वजेट व्यवस्थापन गरी समयमा कार्य समपन्न गरी एकमुष्ट कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ ।	
२२.२.	निर्माण सामाग्री ढुवानी भाडा रु.१८,०००/-भुक्तानी गर्दा आयकर ऐन, २०५८ अनुसार भाडा कर असुल नगरेको रु.	१,८००/-
२२.३.	काठ खरिद एवं ढुवानी बापत हस्तलिखित भरपाई पेश भएकोमा काठको परिमाण सहितको बील संलग्न नभएको रु...	४५,०००/-
२३.	**चौखुट्टे-सालडाँडा सडक :** गाँउपालिकाले यसवर्ष चौखुट्टे सालडाँडा सडक निर्माणका लागि रु.७ लाख वजेट विनियोजना गरेकोमा कन्टिन्जेन्सी रु.३५ हजार कटाई रु.६ लाख ६५ हजार भुक्तानी गरेकोमा निम्न व्यहोरा देखिएको छ	
२३.१.	**कर समायोजन :** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८(१) मा करदाताले प्रत्येक महिना आफूले बुझाउनुपर्ने मू.अ.कर रकम तथा सो को विवरण स्वयं निर्धारण गरी सो महिना समाप्त भएको २५ दिनभित्र बुझाउनुपर्ने व्यवस्था छ । गाँउपालिकाले उपभोक्ता समितिलाई दिएको कामको निर्माण व्यवसायी नन्देगडा कन्स्ट्रक्सनको रु.६,६५,०००/- बील पेश गरेकोमा उक्त फर्म २०७४ फाल्गुण देखि ननफिलर भएको अनलाइन पोर्टलबाट देखिएकोले नियमानुसार मूल्य अभिबृद्धिकर समायोजन गरेको नदेखिएकोले उक्तव्यवसायीलाई भुक्तानी गरेको मू.अभिबृद्धि कर रकम समायोजन प्रमाण पेश हुनुपर्ने रु.	७६,५०४/-
२३.२.	**डोर हाजिर :** संलग्न बिलबाट निर्माण व्यवसायीले निर्माण गरेको देखिएको उक्त सडकमा दक्ष एवं अदक्ष कामदारको ज्याला खर्च रु.१,४२,८००/- को डोर हाजिर संलग्न गरेकोमा उक्त डोर हाजिरमा कामको विवरण, कार्यस्थल, समय, मिति पेश गर्ने, चेक गर्ने लगायत माल सामान समेतको विवरण नभरी उपभोक्ताले खर्च प्रमाणित गरेको छ । सो सम्बन्धमा नापी कितावमा कुनै व्यहोरा उल्लेख गरेको छैन । खर्चको वास्तबिकता यकिन हुनुपर्दछ ।	
२३.३.	**बढी नाँपको भुक्तानी :** सार्बजनिक खरिद नियमाबली २०६४ को नियम ९७(४) मा उपभोक्ता समितिलाई भुक्तानी गर्दा पेश भएको विल भरपाई जाँचगरी तोकीएको रकम भुक्तानी गर्नुपर्ने व्यवस्था रहेकोमा सडकको नापी कितावमा रु. ४,२५,२७३/- गणना भएकोमा रु.८,४०,०७७/- देखाई निम्न अनुसार नापी आइटम र बिल आइटममा फरक मूल्यांङ्कन गरी २० प्रतिशत उपभोक्ता योगदान रु.८५,०५४/६० घटाई रु.३,४०,२१८/४० भुक्तानी गर्नपर्नेमा बढी भुक्तानी गरेको पाइएकोले असुल हुनुपर्ने रु....	३,२४,७८२/-

कामको विवरण	विल आइटम	नापी आइटम	दर	बिल अनुसार	नापी अनुसार

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम रु.

नरम माटो कटान	५९४०	३८०१	४५	२६,७२८/-	१,७१,०४५/-
कडा माटो कटान	२४००	३२७७	६४	१,५३,५७२/-	२,०९,७२८/-
नरम ढुङ्गा कटान	३००२	००	१२५	३,७४,७८२/-	००
सादा ढुङ्गा कटान	३५६	३५६	१२५	४४,५००/-	४४,५००/-
जम्मा				८,४०,०७७/-	४,२५,२७३/-

२४. **कर समायोजन :** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८(१) मा करदाताले प्रत्येक महिना आफूले बुझाउनुपर्ने मू.अ.कर रकम तथा सो को विवरण स्वयं निर्धारण गरी सो महिना समाप्त भएको २५ दिनभित्र बुझाउनुपर्ने व्यवस्था छ । कार्यालयले देहायका निर्माण व्यवसायीलाई मूल्य अभिवृद्धि कर वापत भुक्तानी गरेकोमा आन्तरिक राजस्व विभागको वेब साइटबाट स्थायी लेखा नम्बर (PAN) भिडान गर्दा उक्त फर्महरु नन फाइलर रहेको (मू.अ.कर विवरण दाखिला नगरेको) देखियो । यस्तो अबस्थामा भुत्तानी गर्ने पदाधिकारीलाई जिम्मेबार बनाई निम्न निर्माण व्यबसायीहरुलाई भुक्तानी दिएको मुल्य अभिवृद्धि कर रकम र नियमानुसार सो मा लाग्ने शुल्क तथा जरिबाना समेत सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा समायोजन गरेको प्रमाण पेश हुनु पर्ने रु..... ८०,७५५/२४

गो.भा.न./मिति	फर्मको नाम	स्थायी लेखा नम्बर	भुत्तानी मिति	नन फाईलर मिति	मूल्य अभिवृद्धि कर रकम
४१-०७५/०३/२९	एन्जिला ट्रेड एण्ड सप्लायर्स	६०२०७२८५०	०७५/०३/२९	२०७५/०२	२३२३४.२४
४२-०७५/०३/२९	न्यू शोडषा ग्रिल तथा काष्ठ फर्निचर उद्योग	६०३२२२३४६	२०७५/०३/२९	२०७५/०३	५७५२.०
४२-०७५/०३/२९	न्यू एम.डि. ग्रिल उद्योग	३०१६९३१५४	२०७४/०३/०८	२०७४/०३	५७५२.०
	,,	३०१६९३१५४	२०७४/०३/०८	२०७४/०३	५७५२.०
५-०७५/३/२८	हिलसाइड पोलीटेक्नीकल इ.प्रा.लि.	६०२४१५५७०	२०७५/०३/२८	२०७५/०३	४०,२६५.००
					८०,७५५.२४

२५. **मर्मत खर्च :** गाँउपालिकाले वडा नं.८ को भवन मर्मतमा रु.३,९९,९२७/- खर्च गरेको छ । यस सम्वनधमा देखिएको व्यहोरा निम्न छन् :

२५.१. **कर बिजक :** मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १४ (१) अनुसार प्रत्येक दर्ता भएको व्यक्तिले तोकिएको अवस्थामा बाहेक कुनै वस्तु वा सेवा आपूर्ति गर्दा प्रापकलाई बीजक दिनुपर्ने व्यवस्था छ । बीजकमा आपनो नाम, ठेगाना, स्थायी लेखा नम्बर उल्लेख गरी सिलसिलेवार नम्बरसहितको बीजक जारी गर्नुपर्नेमा वडा कार्यालय मरमतका लागि आवश्यक निर्माण सामाग्री खरिद बापत कुँवर जनरल स्टार्स एण्ड अर्डर सप्लायर्स(६००१९६६२८) लाई रु.१,००,५२०/-(मू.अ.क.रु.११,५६४/२८समेत) भुक्तानी गरेकोमा सो सप्लायर्सको नं. अनलाइन पोर्टलमा ६००१९६६८८ देखिएबाट मूल्य अभिबृद्धि कर समायोजन भए/नभएको यकिन नभएकोले भूक्तानी गरेकोले मुल्य अभिबृद्धिकर समाायोजन बिबरण पेश हुनुपर्ने रु..... ११,५६४/-

२५.२. **भाडा कर :** आयकर ऐन, २०५८ को दफा ८८ अनुसार अग्रिम कर कट्टा गरेर मात्र भुक्तानी गर्नुपर्नेमा मरमत सामाग्री ढुवानी बापत रु.६०,०००/- भुक्तानी गरेकोमा नियमानुसार भाडाकर कट्टा गरेको नदेखिएकोले असुल गर्नुपर्ने रु.. ६,०००/-

२५.३. **पटके मर्मत :** सार्वननिक खरिद ऐन, २०६३ को दफा ५क(२) मा त्रृटीपूण वा अस्वभाबिक लागत अनुमान तयार गरेको भएमा लागत अनुमान तयार गर्ने, जाँच वा स्वीकृत गर्ने प्राबिधिकलाई प्रचलित कानून बमोजिम कारबाहीको भागिदार हुने व्यवस्था छ । गाँउपालिकाले वडा कार्यालयको भवन र ट्वाइलेटको छाना मरमत, मेशीनरी वर्क, पी.सि.सि. र प्लाष्टरिङ्ग जस्ता कार्य पटक पटक लागत अनुमान तयार गरी भौ.नं १।०७४।१०।२५,१५।०७४।३।२१ र २१।०७४।०३।२९ बाट तीन पटक भुक्तानी गरेको छ । भुक्तानी गरेको निर्माण कार्यको वडा प्रतिनिधिको अनुगमनबाट समेत एकै निर्माण कार्यको पटके भुक्तानीलाई समर्थन गरी प्रतवेदन गरेको अवस्था छ । यसरी एउटै भवनको मरमत कार्यलाई परिमाण मात्र फरक गरी पटक पटक कार्य सम्पन्न प्रतिवेदन समेत तयार गरी भुक्तानी गरेबाट एउटै कामको दोहोरो भुक्तानी भएको छैन भन्न सकिएन । यसमा कार्यालयले छानबिन गरि दोहोरो भुक्तानी भए नभएको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु.... ३,९९,९०७/-

२६. **भागिनी संस्थाको भवन निर्माण अनुदान** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५ बमोजिम सम्बन्धित कार्यालयको कार्यक्रममा अनुदान उपलब्ध गराउनु पर्ने व्यबस्था छ । गाँउपालिकाले

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम रु.
	यसवर्ष मंगलसेनमा निर्माण भएको बि.पी.स्मृति भवन निर्माण उपभोक्ता समितिलाई १, ५ र ८ नं. वडाको वजेटबाट प्रति वडा रु.५० हजारका दरले रु.१ लाख ५० हजार अनुदान दिई सो रकम बराबर कार्य सम्पन्न तयार गरेको छ । राजनीतिक दलको भागिनी संस्थाको भवन निर्माण गर्नका लागि सबै नगरपालिका र गाँउपालिकाबाट अनुदान संकलन गरी निर्माण कार्य गरी सबै नगरपालिका र गाँउपालिकाबाट आफ्आफ्नो तरिका र अनुदान अनुसार कार्य सम्पन्न प्रतिवेदन तयार गर्दै जाँदा उक्त भवनको लागत स्थिति र रकम यथार्थ हुने पनि देखिदैन । गाँउपलिकाको रकमबाट भागिनी संस्थालाई दिएको अनुदान रकम नियमित नदेखिएको रु.....	१,५०,०००/-
	बित्तिय समानिकरण अनुदान (चालु)	
२७.	**सेवा करार** - स्थानिय सरकार सँचालन एने २०७४ को दफा ८३ (६) मा स्थानिय तहको सेवा सँचालनको लागी अस्थाई दरबन्दी सिर्जना गर्न सकिने छैन तथा तथा दफा ८३(८) मा अन्य सहायकस्तरका कर्मचारी नियुक्ती प्रतिस्पर्धाको आधारमा मात्र गर्न पाउने उल्लेछ छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९५(१) मा कार्यालय सुरक्षा, चिट्ठीपत्र ओसार पसार, सरसफाई, टेलिफोन, विद्युत र धारा सञ्चालन र रेखदेख लगायतका सार्वजनिक निकायको दैनिक कार्य सञ्चालन गर्न अत्यावश्यक पर्ने सेवा करार लिनुपर्दा कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीसंग करार गरी त्यस्तो सेवा करारमा लिन सक्ने व्यवस्था छ । त्यस्तै नियम ३ मा एक लाख रुपैयाँभन्दा बढी शुल्क लाग्ने सेवाको करार गर्नुपर्दा पन्ध्र दिनको सूचना राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशन गरी प्रक्रियाबमोजिम करार सेवा लिनुपर्ने व्यवस्था छ । यस गाँउपालीकाले कार्यालय सहयोगी १०, कम्प्युटर अपरेटर १, सब ओभरसिय २ , ईन्जीनियर १, अनमी ४ , पशु ना.प्रा.स १ लगायत बिभिन्न तहका कर्मचारीहरु नियममा व्यवस्था भए अनुरुपको प्रक्रिया पूरा गरी सेवा करार लिनुपर्नेमा गत बिगतकै निर्णय तथा व्यहोरा उल्लेख गरि करार सेवा गरी यस आ.ब.मा रु ४१,१२,२१५।६७ खर्च गरेको पाइएकोले खर्च नियमसम्मत् देखिएन । नियमाबली तथा निर्देशिकाको पालना हुनुपर्दछ ।	
२८.	**बितरणमुखि कार्यक्रम :-** स्थानीय सरकार सँचालन ऐन २०७४ को परिच्छेद ३ मा गाँउपालीका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारको व्यस्था रहेका छ । गाँउपालिकाले उक्त सुची तथा ऐन बमोजिम क्रियाकलाप तथा कार्यक्रमहरु सँचालन गर्नुपर्दछ । स्थानीय सरकार सँचालन ऐनको मर्मअनुरुप गरिबि, पछौटेपन, बेरोजगारी, गरिबी लगायतका सामाजिक पछौटेपनहरुको निरुपणको लागी बिभिन्न अभिमुखिकरण तालिम ,सिप बिकास लगायतका कार्यक्रमहरु सँचालन गर्नुपर्नै हुन्छ । गाँउपालिकाले बिभिन्न सिपबिकास तथा अभिमुखीकरण तथा बृत्तिबिकासमा खर्च गर्नुपर्ने रकमहरु सो कार्यमा खर्च नगरि बितरणमुखि कृयाकलापहरुमा खर्च गरेको छ। आन्तरीक आय कमजोर रहेको अबस्थामा आर्थिक असमानता हटाई बित्तिय समानिकरण ल्याउनको लागी उपलब्ध रकम गाँउपालीकाले कार्यपालिकाको निर्णयअनुसार बिभिन्न प्रयोजनको लागी बितरण गरेको छ । जसका केहि उदाहरणहरु यस प्रकार छन:-	

बडा नं	भौ.नं मिति	बितरण गरिएको सँस्था / व्यक्ती	रकम रु	कैफियत
१	२-०७४/१२/२५	जनकल्याण कृषि सहकारी सँस्था ली	१९९९९०	मेसिनरी अनुदान तथा फर्निचर फिक्सचर्स खरिद
२	२-०७४/१०/२५	,,	१०००००	सँस्थाको लागी कम्प्युटर खरिदको लागी
२	०७५/०३/२८	मष्टामाण्डौ युबा क्लब	१०००००	मादल, डेक लगायतको बिलभपाई श्रेस्तासाथ सँलग्न
१	६-२०७५/०३/१५	ब्रदस स्मृती कल्ब	१०००००	खेलकुद कार्यक्रम
५	६-०७५/०३/३०	तीज बिशष कार्यक्रम	३०००	कार्यक्रमको लागी नगद भुक्तानी
७	१३-०७५/०३/३२	बिपन्न छात्रबृती कार्यक्रम	६००००	बिभिन्न बिद्यालयका बिद्यार्थीहरुलाई बितरण
७	१३-०७५/०३/३२	जेष्ठ नागरिक सहायता	६००००	रकम बितरण
७	१३-०७५/०३/३२	तीज तथा अतिरिक्त कार्यक्रम	५००००	कार्यक्रमको लागी नगद भुक्तानी
गाँउपालीका	३९-०७४/१२/०९	प्रथम साँफे महोत्सब	१०००००	महोत्सबलाई सहयोग
,,	४-०७४/०७/१३	रोग पिडीतलाई भुत्तानी	७५०००	रकम बितरण
,,	४६-०७४/१२/१२	पिडितलाई सहयोग	१०००००	,,

२९.	**भ्रमण अभिलेख तथा भ्रमण प्रतिबेदन:** भ्रमण खर्च नियमावली, २०६४ को नियम १८ (१) मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीहरुले भ्रमण समाप्त भएपछि नियमानुसार पाउने दैनिक भत्ता तथा भ्रमण खर्चको बिल भरि भ्रमण प्रतिबेदन साथ आबश्यक बिल भरपाई सम्बन्धीत कार्यालयमा पेश गर्नुपर्नेछ भन्ने व्यहोरा उल्लेख छ । साथै नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण	

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम रु.

प्रारम्भगरेपछि सम्बन्धित कार्यालयले अनुसूची-६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने उल्लेख छ ।

कार्यालयले विभिन्न कर्मचारीले विभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण विल अनुसार खर्च लेखेकोमा भ्रमण अभिलेख राखेको छैन । साथै तेरिज तयार नगरि एउटै गोश्बारा भौचरबाट अनुगमन तथा मुल्याँकन, सरुवा तथा भ्रमण भत्ता एकमुष्ट भ्रमण/अनुगमन प्रतिबेदन बेगर खर्च लेखेको छ । यसबाट अनुगमन तथा मुल्याँकन कार्यक्रम प्रभावकारी भयो, बा कार्यालयलाई भ्रमण आवश्यक थियो थिएन भन्ने स्पष्ट आधार भएन । तसर्थ नियमाबलीमा उल्लेख भएबमोजिम भ्रमण अभिलेख तथा भ्रमण प्रतिबेदन राखेर मात्र भ्रमण खर्च लेख्नुपर्दछ । जसका केहि उदाहरणहरु यस प्रकार छन:

भौ.नं मिति	बिवरण	कैफियत
१५-०७/०८/२९	अनुगमन मुल्याकन तथा भ्रमण खर्च	५६१६०
१८-०७४/०९/१८	,,	७२०००
२१-०७४/१०/०७	,,	६३३३१
७१-०७५/०३/३१	,,	७१८००
बडा नं १, १२-०७५/०३/२९	,,	१,९८,७५०/-

३०. **बिल भरपाई तथा खर्चको पुष्ट्याई :–** आर्थिक कार्यबिधि नियमाबली २०६४ को नियम ३६ बमोजिम स्वीकृत बजेट खर्च लेख्दा बिल भरपाई र पुष्ट्याई सहितको लेखा राख्नुपर्दछ। गाँउपालिकाले निम्नानुसारको खर्चलेख्दा स्पष्ट आधार तथा पुष्ट्याई सहितको प्रमाण सँलग्न नगरी खर्च लेखेको रु. — ३२,११,०३९/८०

बडा.नं	भौ.नं मिति	खर्चको बिबरण	रकम रु
१	६-०७५/०३/२४	कृषि कार्यक्रम अन्तर्गत किसानहरुलाई कागती १००, सुन्तला ५०० र मौसमी १०००।०० खरिद गरेको बिल राखि खर्च लेखेकोमा सम्बन्धीतले बुझेकोप्रमाण सँलग्न नभएको	९६०००
१	१०-०७५/०३२९	दलित बालबालिकाको लागी कपडा बितरणको लागी उललेख गरि कपडा खरिद, सिलाई तथा बितरणमा खर्च लेखेको तथा बुझ्नेको भर्पाई सँलग्न नभएको	१०००००
१	६-०७५/०३/१३	पिपलचौर कृषि सहकारी सँस्थालाई छनौट गरि रु पेश्की दिएकोमा माटो परीक्षण पश्चात गर्ने भनिएको को अन्तरकृया सुझाब समेतको प्रमाण सँलग्न नभएको	९००००
२	०६-०७५/०३/२८	टुहुरा बच्चको सँरक्षकलाई भनि रकम उपलब्ध गराइएकोमा टुहुरा भनि प्रमाणीत गर्ने स्पष्ट आधारप्रमाण श्रेस्तासाथ सँलग्न नभएको	५००००
५	४-०७५/०३/२६	कृषि कार्यक्रम अन्तर्गत कृषि शाखा प्रमुख केशब भट्टलाई शोधभर्ना दिँदा किसानहरुलाई कागती १००, सुन्तला ५०० र मौसमी १०००।०० उपलब्ध गराएकोमा सम्बन्धीतले बुझेकोप्रमाण सँलग्न नभएको	९२,०००
६	८-०७५/०३/३१	२८ जना अपाँगलाई कम्वल, १४ जना जेहेन्दार तथा १० जना अतिबिपन्न व्यक्तीलाई लाई स्टेशनरी खरिद गरि खर्च लेखेकोमा बितरण भर्पाई सँलग्न नभएको	८५०००
६	१०-०७५/०३/५	हे.अ जित ब चौधरीले सिलाई तालीमको (२०७४।१४।१९ देखि २०७५।०१।२५) पेश्की लिई फछ्र्यौट गर्दा १० जना सहभागी रहेको उल्लेख गरेकोमा केबल खर्च बिल भर्पाई प्रशिक्षकको हाजीरी सँलग्न भएको तालीममा सहभागीस्वयं दस्तखत, फाटोहरु , प्रमाण पत्र तथा तथा उपस्थीति जनाउने बिबरण नभएको	७५०००
६	११-०७५/०३/२१	हे.अ जित ब चौधरीले आरन सुधार तथा पञ्चेबाजा सिपको लागी पेश्की लिई फछ्र्योट गरेकोमा ४ थान पँखा, २ थान नसिँगा , २ थान झ्याली र ४ थान सहनाई खरिदको बिल सँलग्न सदुपयोगको पुष्ट्राई नभएको रु	८००००
६	१२-०७५/०३/३१	हे.अ जित ब चौधरीले कम्प्युटर तालीमको सोधभर्ना सहित पेश्की लिई फछ्र्यौट गर्दा १० जना सहभागी रहेको उल्लेख गरेकोमा केबल खर्च बिल भर्पाई (प्रमाण पत्र खर्च समेत) प्रशिक्षकको हाजीरी, सँलग्न भएको तालीममा सहभागीस्वयं दस्तखत, फाटोहरु , प्रमाण पत्र तथा तथा उपस्थीति जनाउने बिबरण नभएको रु	२७१९५०
७	१०-०७५/०३/२६	सिप बिकास अन्तर्गत सृजना महिला समुहलाई तालीम बापतको रकम उल्लेख गरि भुक्तानी गरेकोमा केबल खर्च बिल भर्पाई (प्रमाण पत्र खर्च समेत) प्रशिक्षकको हाजीरी, सँलग्न भएको तालीममा सहभागीस्वयं दस्तखत तथा उपस्थीति जनाउने बिबरण नभएको रु	९००००
८	५-०७५/३/२४	सिप बिकास अन्तर्गत बडा सचिब बिर ब ठकुल्लाले सिलाई तालीमको पेश्की लिई फछ्र्यौट गर्दा १० जना सहभागी रहेको उल्लेख गरेकोमा केबल खर्च बिल भर्पाई प्रशिक्षकको हाजीरी सँलग्न भएको तालीममा सहभागीस्वयं दस्तखत , फाटोहरु , प्रमाण पत्र तथा उपस्थीति जनाउने	१२००००

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम रु.

		बिबरण नभएको रु		
गाँउपालीकातर्फ	८-०७४/०८/०८	भाद्र महिनामा गाँउपालीकाबाट सरुवा भई गएका खरिदार जित ब रानालाई श्राबण र भाद्रको एकमुष्ट छुट भनि रकम भुत्तानी भएकोले सरुवा भईसकेपछि भुत्तानी गर्दा दोहोरो पर्नसक्ने भएकोले रमाना भई गएको कार्यालयबाट भुत्तानी नभएको रु	६३६२७.८०
,,	९५-०७५/०३/२७	श्रोत नक्सा तयार गरेबापत प्रबिधि बिकास केन्द्र मँगलसेन अछामलाई भुत्तानी भएकोमा सम्झौता अनुसार १५ प्रति छापी कार्यालयमा बुझाउनु पर्ने उल्लेख भएकोमा जिन्सी दाखिला प्रमाण पेश नभएको रु	४९७५००.
,,	९४-०७५/०३/२७	प्रबिधि बिकास केन्द्र नेपाल , मँगलसेनसँग भएको सम्झौता अुनसार जिल्लागत प्रोफाईल तयारी बापत रकम भुत्तानी भएकोमा हालसम्म जिन्सी दाखिला गरी आम्दानी बाँधेको प्रमाण पेश नभएको रु	१४९९९६२
		जम्मा	३,२११,०३९.८

३१. **पारिश्रमिक कर :** आयकर ऐन, २०५८ को दफा ८८ अनुसार मू.अ.कर सहितको विल जारी नगरेको अवस्थामा १० प्रतिशत अग्रिम कर कट्टागरी भुक्तानी गर्नुपर्नेमा गाँउपालीकाको MIS डाटाईन्ट्रीको रु.७८,१००/-भुक्तानी गरेकोमा १० प्रतिशत कर असुल गर्नुपर्नेमा रु ११७२।- मात्र असुल गरेकोले बाँकी कर असुल गर्नुपर्ने रु ..... — ६,६३८/५०

३२. **कार्यपालीका बैठकः-**स्थानीय सरकार सँचालन ऐन २०७४ को दफा १७ मा बैठक र निर्णय सम्बन्धमा व्यबस्था रहेको छ । जसअनुसार प्रतिबैठक भत्ता दर रु १०००।- कार्यपालीकाको बैठक अनुसार तय भएको छ । बैठक भत्ता सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छनः-

३२.१. निम्नानुसार आधारप्रमाण सँलग्न नगरि खर्च लेखेकोले प्रमाण पेश हुनुपर्ने देखिएको रु ..... — ५०४,३००/-

भौ.नं मिति	बिबरण	व्यहोरा	रकम रु
१५-०७४/०८/२९	गाँउसभा बैठक	४५ जना प्रतिनिधिहरुलाई १ देखि ३ बटा बैठकको रु १६८३००।- खर्च लेखेकोमा सम्बन्धीत पदाधिकारीले बुझाएको भरपाई सँलग्न नभएको	१६८३००
२६-०७४/१०/१९	बडा नं ४ को बैठक	७ जना पदाधिकारीलाई ८ बटा बैठकको भत्ता खर्च लेखेकोमा माईन्युट सँलग्न नभएको	४८०००
३४-०७४/११/१४	बडा नं ३	६ जना पदाधिकारीलाई ८ बटा बैठकको भत्ता खर्च लेखेकोमा माईन्युट सँलग्न नभएको	४८०००
३५-०७४/११/१४	बडा नं ८	६ जना पदाधिकारीलाई ८ बटा बैठकको भत्ता खर्च लेखेकोमा माईन्युट सँलग्न नभएको	४८०००
७७-०७५/०३/०५	बडा नं ६	६ जना पदाधिकारीलाई ८ बटा बैठकको भत्ता खर्च लेखेकोमा माईन्युट सँलग्न नभएको	४८०००
१०५-०७५/०३/२९	बडा नं १	६ जना पदाधिकारीलाई ८ बटा बैठकको भत्ता खर्च लेखेकोमा माईन्युट सँलग्न नभएको	४८०००
१२२-०७५/०३/३२	बडा नं ७	६ जना पदाधिकारीलाई ८ बटा बैठकको भत्ता खर्च लेखेकोमा माईन्युट सँलग्न नभएको	४८०००
१२७-०७५/०३/३२	बडा नं १२७	६ जना पदाधिकारीलाई ८ बटा बैठकको भत्ता खर्च लेखेकोमा माईन्युट सँलग्न नभएको	४८०००
		जम्मा	५,०४,३००/-

३२.२. निम्नानुसार तोकिएको दरभन्दा बढि दरले बैठक भक्ता भुक्तानी गरेकोले निम्नानुसार असुल हुनुपर्ने रु.... — ५४,४००/-

भौ.नं मिति	बडा नं	बैठक सँख्या	उपस्थीति सँख्या	भुत्तानी दिनुपर्ने दर	भुत्तानी दर	बढि भुत्तानी	करबाहेक असुल गर्नुपर्ने
३६-०७४/११/१४	५	४	५	१०००	२०००	२००००	१७०००
३७-०७४/११/१४	३	४	६	१०००	२०००	२४०००	२०४००
३८०७४/११/१४	२	४	५	१०००	२०००	२००००	१७०००
						जम्मा	५४४००

३३. **कानुन निर्माण पुर्बको पदाधिकारी सुबिधा :–** प्रदेश सरकार ७ ले स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुबिधाको सम्बन्धमा व्यबस्था गर्न बनेको ऐन २०७५ असार ३ गते प्रदेश ७ को राजपत्रमा प्रकासित गरि "स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुबिधा सम्बन्धी ऐन २०७५" बनाएको छ । ऐन को दफा ३ मा पदाधिकारीले आफु निर्बाचित भई अनुसुची २ बमोजिमको पद तथा गोपनियताको शपथ लिई आफ्नो पदको काम कारबाही सुरु गरेको मितिदेखि अनुसुची १ बमोजिमको रकममा नबढ्ने गरि स्थानिय तहको आन्तरीका श्रोत समेतको आधारमा मासिक पारिश्रमिक सुबिधा पाउनेछन भन्ने व्यबस्था रहको छ । जसअनुसार संचार सुबिधा तथा मासिक सुबिधा जस्ता आर्थिक व्ययभार पर्ने दफाहरु राजपत्रमा ऐन प्रकाशित मिति भन्दा ११ महिना पहिले देखिनै लागु हुने गरि बनाएको देखिन्छ । जसबाट ४२ जना जनप्रतिनिधिहरुलाई ऐन लागु हुनु भन्दा अघिको ११

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम रु.
	महिनाको रु ४३,२३,०००।- गाँउपालिकाले उपलब्ध गराएको छ ।	
३४.	**ईन्धनको लगवुकः** कुनै पनि कार्यालयले ईन्धन खर्च लेख्दा सबारी लगबुक तयार गरी राख्नु पर्दछ । गाँउपालिकाले यसबर्ष ईन्धनबापत .खर्च लेख्दा खर्च लेख्दा स्पष्ट अभिलेख तथा लगवुक तयार नगरि केबल ईन्धन खरिदको बिलमात्र सँलग्न गरि ईन्धन खर्च लेख्ने गरेको पाईयो तसर्थ यसरी सबारी साधन बाईज लगबुक नराखिँदा ईन्धन खर्च व्यबस्थीत नदेखिएकोले ईन्धन कोटा परिमाण तोकि व्यबस्थीत रुपले खर्च लेख्नेतर्फ ध्यान दिनुपर्दछ ।	
३५.	**अग्रीम कर -** आयकर ऐन २०५८ को दफा (८७) मा अग्रीम कर कट्टि गर्नुपर्ने व्यवस्था रहेको छ । श्रोतव्यक्ती कालु सिह बोहराले भौ.नं १०३-०७५।०३।२९ बाट बिद्यार्थी अभियान अन्तर्गत रु १०००००।- पेश्की लिई फछ्र्यौट गर्दा निम्नानुसार पारिश्रमिक कर कट्टि नगरी खर्च लेखेकोले निम्नानुसार असुल गर्नुपर्ने रु.... खर्च शिर्षक | भुत्तानी पाउनेको सँख्या | भुत्तानी रकम | कर रकम तथ्याँक टेबुलेशन भत्ता | ४ | १२००० | १८०० बिद्यार्थी अभियान सहयोग भत्ता | ११ | १३००० | १९५० शैक्षिक प्रोफाईल फाईल भत्ता | ६ | ३५००० | ५२५० | | जम्मा | ९,०००/-	९,०००/-
३६.	**<u>सर्शत अनुदान शिक्षातर्फ</u>** **शिक्षकको अभिलेख :–** शिक्षा नियमाबली, २०५९ को परीच्छेद ३ नियम १६(झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ती बा बढुबाको लागी सिफारीस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी बिद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य बिबरण अभिलेख अद्यावधिक गरि राख्नुपर्ने व्यबस्था रहेको छ । जिल्ला शिक्षा कार्यालयले नियमाबलीमा व्यवस्था भएबमोजीमको शिक्षकको दरबन्दी अभिलेख, काजमा आएका, काजमा गएका, सरुवा भई आएका तथा गएका, सेवानिबृत भएका, बिदामा रहेका, नयाँ नियुक्त भएका शिक्षक सम्बन्धी बिबरण तयार गर्नुपर्ने हुन्छ । बिद्यालयस्तरमा सँचालन हुने कार्यक्रम कार्यान्वयन सहजिकरण पुस्तिका २०७४।०७५ अनुसार स्थानिय तहले हाल कार्यरत शिक्षकको तलब भत्ता सम्बन्धी एकिन बिबरण जिल्ला शिक्षा कार्यालयबाट प्राप्त गरि सोही अनुसार खर्च लेख्नुपर्ने व्यबस्था रहेको छ । गाँउपालीकासँग शिक्षा कार्यालयबाट प्राप्त हुनुपर्ने बिबरण माग गर्दा प्राप्त भएन । यसरी अभिलेख नराखिँदा दोहोरो निकासा हुन सक्ने, दरबन्दी अनुसार पदपुर्ति नहुने, तथा शिक्षकहरुको समग्र व्यवस्थापन गर्न कठिन हुन जान्छ । तसर्थ नियमाबलीको परीपालना गरि शिक्षक सम्बन्धी अभिलेखको उचित व्यबस्थापनमा ध्यान जानुपर्ने देखिन्छ ।	
३७.	**तलबी प्रतिबेदन–** बिद्यालयस्तरमा सँचालन हुने कार्यक्रम कार्यान्वयन सहजिकरण पुस्तिका २०७४।०७५ को खण्ड १ मा उल्लेख भए अनुसार शिक्षक तलब भत्ता सम्बन्धी जानकारी मा आधारभुत तथा माध्यमिक शिक्षकका लागी तलब भत्ताको व्यबस्थापन सम्बन्धमा उल्लेख छ । जसअनुसार स्रोतव्यक्तिको सिफारीस अनुसार स्थानिय तहले सम्बन्धीत बिद्यालयको बैक खातामा मासिक रुपमा तलब भत्ता बापतको रकम निकासा दिनुपर्ने छ साथै स्थानिय तहले हाल कार्यरत शिक्षकको तलब भत्ता सम्बन्धी एकिन बिबरण जिल्ला शिक्षा कार्यालयबाट प्राप्त गरि सोही अनुसार बिद्यालयबाट प्राप्त माग फारम रुजु गरि निकासा गर्नुपर्नै व्यबस्था मिलाउनुपर्ने, शिक्षकको तलबी प्रतिबेदन साबिक अनुसार नै बिद्यालय शिक्षक किताबखाना बाट पारित गरी प्राप्त तबली प्रतिबेदनका आधरमा मात्र निकाशा दिनुपर्ने उल्लेख छ । गाँउपालीकाले आधारभुत तर्फ रु ४,५०,४२,९९४।३० तथा माध्यमिक तहका बिद्यालयहरुर्त्फ रु १,०३,३२,६८१।२ शिक्षकहरुको लागी तलबभत्ता उपलब्ध गराउँदा गाँउपालीकामा कायम बिद्यालयहरु उल्लेख गरि तलबी प्रतिबेदन पारित नगरी तलब खर्च लेखेको छ । जसले गर्दा शिक्षकहरुको तलब तथा ग्रेड यकिन गर्न सकिएन । गाँउपालीका भित्र पर्ने बिद्यालय सँख्या स्पष्ट किटान गरि तलबी प्रतिबेदन सँलग्न गरिमात्र तलब खर्च लेख्नुपर्दछ । श्रोतव्यक्तिको सिफारीस बेगर केबल बिद्यालयको माग फारम सँलग्न गरि चौमासिक रुपमा खर्च लेखेकोले अनिबार्य रुपमा श्रोतव्यबक्तीको सिफारीस तथा बिद्यालयगत निकासाको अभिलेख	

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम रु.
	समते राखी मागफारमहरु व्यबस्थीत गरि खर्च लेख्नुपर्दछ ।	
३८.	**बाल शिक्षा शिक्षीकाहरुको पारिश्रमिक-** बिद्यालय क्षेत्र बिकास कार्यक्रम (क्षेत्र, जिल्ला, स्थानिय तह) लगायत आ.ब २०७४।०७५ मा सँचालन हुने कार्यक्रमहरु सम्बन्धी कार्यक्रम कार्यान्वयन पुस्तिका २०७४।०७५ को बुदा नं २.१५.११ (मा बिद्यालय र बिद्यालय सँग मातृ सम्बन्ध स्थापना गरि सँचालनमा रहेका प्रारम्भिक वाल बिकास केन्द्रमा कार्यरत सहयोगी कार्यकर्ताको लागी प्रति महिना रु ६००० का दरले पारिश्रमिक व्यबस्था छ जसको बुदा नं (क) अनुसार सहयोगिको बिद्यालयले सहयोगी कर्मचारीको प्रमाणीत हाजिरी बिबरण सहित सिफारीस गर्नुपर्ने तथा बुदा नं (ग) मा उक्त कार्यकर्ताको लागी निकासा दिँदा सम्बन्धित सँस्थाले शैक्षिक तथ्याँक २०७४ भरि प्रमाणीत भएको यकिन गरेर सम्बन्धित श्रोतव्यक्री तथा बिद्यालय निरीक्षकबाट रुजु गराई निकासा दिने र बाल शिक्षा कक्षाहरुको बिबरण अद्यावधिक गर्न लगाई सो को बिबरण जिल्ला शिक्षा कार्यालयमा उपलब्ध गराउने व्यबस्था रहेको छ । गाँउपालीकाले उक्त विवरणहरु सँलग्न नगरि यस कार्यक्रम अन्तर्गत शिक्षा केन्दको लागी रु २६,५२,०००।- पारिश्रमिक तथा रु १,०४,०००।- मसलन्द(बिद्यार्थी सँख्या अनुसार) खर्च लेखेको छ। तसर्थ निर्देशिकाअनुरुप प्रगति प्रतिबदेन , हाजीरि विवरण सँलग्न गरि मात्र खर्च लेख्नुपर्दछ ।	
३९.	**फ्ल्यास रिपोर्ट अनुसार बिद्यार्थी सँख्या** शिक्षा मन्त्रालयबाट स्वीकृत -मिति २०७४।०४।२२ अनुसार) बिद्यालय क्षेत्र बिकास कार्यक्रम -क्षेत्र , जिल्ला स्थानिय तह लगायत आ.ब २०७४ ।०७५ मा समाबेश हुने शशर्त अनुदान रकम निकासा दिँदा शैक्षित तथ्याँक (Flash Report) र बिद्यालय सुधार आयोजनालाई समेत आधार लिने उल्लेख छ । बुँदा नं ३३ मा बिद्यालयमा अध्ययनरत बिद्यार्थीहरुको छात्रबृत्ति दोहोरो नपर्ने गरि एक शैक्षिक क्षेत्रमा १ जनाको लागी १ पटक मात्र छात्रबृती बितरण गराउने उल्लेख छ । गाँउपालीकासँग फ्यास रिपोर्ट सम्बन्धी बिबरण बिबरण माग गर्दा पेश नभएकोले जिल्ला शिक्षा कार्यालय अछामद्धारा प्रकाशित बिद्यालय स्तरमा सँचालन हुने कार्यक्रम सहजीकरण पुस्तीका (आ.ब २०७४।०७५) अनुसार परिक्षण गरिएको छ। उक्त पुस्तकमा प्रकासित फ्यास रिपोर्टमा कक्षारुपमा छात्र, छात्रा, दलित छात्र , दलित छात्रा,लगायतका बिबरणहरु उल्लेख नगरिएकोले (१, १देखी ५, ६ देखी ८ लगायत रुपले उल्लेख) बास्तबीक बढी निकासा भएको रकम यकिन गर्न सकिएन । फ्यास रिपोर्टको अनुसार बिद्यार्थी सँख्या ७४९७ हुनुपर्नेमा निकासा बिबरण अनुसार कुल बिद्यार्थी सँख्या ७७३६ देखिएकोले सो बिबरण अनुसार २३९ बिद्यार्थी सँख्यालाई बढि भुक्तानी भएको देखिन्छ । कक्षागत रुपमा पाठ्यपुस्तकको तथा छात्रबृत्ती र नन सेलरी रकम फरक पर्ने भएकोले कक्षागत रुपमा बिद्यार्थी बिबरण सम्बन्धमा यकिन गरि निम्न खर्चहरुमा गाँउपालीकाले प्रष्ट पार्नुपर्ने देखिएको रु....	६७,८०,९९७/८५

भौन.मिति	व्यहोरा	रकम रु
१०-०७४/११/१४	लक्षित बर्ग पाठ्यपुस्तक (बिभिन्न ३ मा.बि)	१,१३,०००/००
१०-०७४/११/१४	बिभिन्न ४३ मा.बि तथा आधारभुत बिद्यायलय पा.पु निकासा	१७,९०,९८९/५६
१८-०७५/०२/२०	बिभिन्न ४३ मा.बि तथा आधारभुत बिद्यालय निरन्त र बिद्यार्थी मुल्याँकन सामाग्री	७६,०००/००
१८-०७५/०२/२०	बिभिन्न ४३ मा.बि तथा आधारभुत बिद्यायलय बिद्यार्थी लागत अनुदान(PMEC) प्रथम निकासा	१२,९०,५००/००
१८-०७५/०२/२०	बिभिन्न ४३ मा.बि तथा आधारभुत बिद्यायलय १ देखि १० छात्रबृत्ति निकास प्रथम किस्ता	८,३२,१२९/२९
१८-०७५/०२/२०	बिभिन्न ४३ मा.बि तथा आधारभुत बिद्यायलय १ देखि १० छात्रबृत्ति निकास दोश्रो किस्ता	१५,३४,४७०/००
१८-०७५/०२/२०	बिभिन्न उच्च मा.बि पाठ्यपुस्तक निकासा	३६,९९९/००
१९-०७५/०३/१३	बिभिन्न ४३ मा.बि तथा आधारभुत बिद्यालय निरन्त र बिद्यार्थी मुल्याँकन सामाग्री	३,७६,०००/००
१९-०७५/०३/१३	बिभिन्न ४३ मा.बि तथा आधारभुत बिद्यायलय बिद्यार्थी लागत अनुदान(PMEC) दोश्रो निकासा	१,८८,५००/००
१९-०७५/०३/१३	बिभिन्न ४३ मा.बि तथा आधारभुत बिद्यायलय १ देखि १० पाठ्यपुस्तक निकास अन्तीम निकासा	३,२६,८८०/००
१९-०७५/०३/१३	बिभिन्न ४३ मा.बि तथा आधारभुत बिद्यायलय १ देखि १० छात्रबृत्ति निकास अन्तीम किस्ता	१,११,५३०/००
१८-०५/०२/२०	बाल बिकास केन्द्र मसलन्द खर्च प्रथम निकासा	८५,७५०/००
१९-०७५/०३/१३	बाल बिकास केन्द्र मसलन्द खर्च दोश्रो निकासा	१८,२५०/००
	जम्मा	६७,८०,९९७/८५

४०.	**पाठ्यपुस्तक निकासामा बढि खर्चः-** बिद्यालय क्षेत्र बिकास कार्यक्रम (क्षेत्र, जिल्ला, स्थानिय तह) लगायत आ.ब २०७४।०७५ मा सँचालन हुने कार्यक्रमहरु सम्बन्धी कार्यक्रम कार्यान्वयन पुस्तिका २०७४।०७५ को बुदा नं २.१५.११ कक्षा १ देखि १० सम्म अध्ययनरत बिद्यार्थीहरुका लागी पाठ्यपुस्तक

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम रु.
	अनुदान अन्तर्गत बुँदा नं ३ मा पाठ्यक्रम बिकास केन्द्रबाट स्वीकृत दर बमोजिम पाठ्यपुस्तकको लागी अनुदान दिईने तथा पाठ्यपुस्तकको कक्षागत दर प्राप्त भएपछि शिक्षा बिभागको बेब साईटमा राखिनुका साथै जिल्लाहरुमा समेत पठाईने उल्लेख छ । सो अनुसार गाँउपालीकाले बिद्यार्थीहरुलाई पाठ्यपुस्तक बापतको रकम उपलब्ध गराउँदा बास्तबीक सँख्या यकिन गर्न नसकिएतापनि स्वयं गाँउपालकिाले उल्लेख गरि खर्च लेखको सँख्याको आधारमा लिँदा पनि १ कक्षाको रु २३८।- ९ कक्षाको दर रु ४४३।- तथा १० कक्षाको लागी रु ४५१।- अनुसार खर्च लेख्नुपर्नेमा क्रमश रु २७०।-, ५९६।- र ५९५।- (क्रमश रु३२,रु रु१५३।- र रु१४४।- बढिको दरले) ले खर्च लेखेको निर्देशिका भन्दा बढि खर्च लेखेको तथा पटक पटक उल्लेख गरि निकासामा जोडजम्मामा फरक पारी बढी भुत्तानी दिएकाले निम्नानुसार असुल गर्नुपर्ने रु....	४,५८,७९३/२९

क्र. सं.	विद्यालयको नाम	साबिक ठेगाना	बैंक खाता न.	लेख्नुपर्ने जम्मा रकम	प्रथम निकासा	द्वीतिय निकासा रकम	अन्तिम चौमाशिक निकासा	बढी भुत्तानी रकम
१.	जनता उ.मा.वि.मेल्लेख	विन्धेवासिनी	४२६०००००१२०१	२२९९०३	१७४८४७.४१	७३५६८.९६	२८८९७.८८७४९	४७४११.२५
२.	नन्दामाता प्रा.वि.मेलचौका	विन्धेवासिनी	४२६००००६०९०१	२३६९२	१५७८३.५४५	७५८१.४४	२९७७.९८९६३२	२६५०.९७४६३२
३.	बालविकास प्रा.वि.जाब्ला	विन्धेवासिनी	४२६०००१४८२०१	१९९१५	१३७९३.६०८	६३७२.८	२५०३.२३५८४	२७५४.६४३८४
४.	खापर प्रा.वि.चौखुट्टे	विन्धेवासिनी	४२६००००२४६०१	२३३८७	१६१८९.९२५	७४८३.८४	२९३९.६५२३५२	३२२६.४१७३५२
५.	भवानी प्रा.वि. काईगाउ	विन्धेवासिनी	४२६००००००८५०१	२४०४४	१६४९८.११	७६९४.०८	३०२२.२३४६२४	३१७०.४२४६२४
६.	घट्टे डाँडा नि.मा.वि.सरानी	विन्धेवासिनी	४२६००००२०६०१	४४८९३	३०७१२.२१५	१४३६५.७६	५६४२.८७०५२८	५८२७.८४५५२८
७.	मालिका प्रा.वि. सुकिजिजेडा	षोडशादेवी	४२६०००१९४००१	३५२५	२४४२.२६७५	११२८	४६३.०७८४	५०८.३४५९
८.	षोडशा नि.मा.वि.नवाघर	षोडशादेवी	४२६००००००८६०१	५३०२०	३६०२८.९०८	१६९६६.४	६६६४.४०१९२	६६३९.७०९९२
९.	नन्देश्वरी मा.वि. माडिगडा	षोडशादेवी	४२६००००००९१०१	२१९३०७	१६९८०४.८२	७०१७८.२४	२७५६६.०१२६७	४८२४२.०७२६७
१०.	बालोदय प्रा.वि. माडिगड	षोडशादेवी	४२६००००३४४०१	३७९२०	२४७५२.४९३	१२१३४.४	४७६६.३९२३२	३७३३.२८५३२
११.	कालिका प्रा.वि.झरिगांउ	षोडशादेवी	४२६००००१५८०१	४०६२०	३३३५६.२९	१२९९८.४	५१०५.७७१५२	१०८४०.४६१५२
१२.	नवज्योति प्रा.वि.खातिखेत	षोडशादेवी	४२६०००२१६७०१	९४६०	६६३८.९४	३०२७.२	११८९.०८४१६	१३९५.२२४१६
१३.	कमल प्रा.वि. सानीखेत	ऋषिदह	४२६००००१५२०१	२२७४०	१५९००.९२८	७२७६.८	२८५८.३२७०४	३२९६.०५५०४
१४.	नन्दामाता मा.वि.	ऋषिदह	४२६००००१५१०१	१४६८५९	११३८२०.७९	४६९९४.८८	१८४५९.५८८८६	३२४१६.२५८८६
१५.	चण्डिकादेवी मा.वि.ऋषिदह	ऋषिदह	४२६००००१५९०१	१६४२५२	११९०९७.१२	५२५६०.६४	२०६४५.८१९३९	२८०५१.५७९३९
१६.	ब्रह्मदेवस्थली प्रा.वि.धामीगाउ	ऋषिदह	४२६००००१९६०१	६५२६	४५२३.२६	२०८८.३२	८२०.२९२०९६	९०५.८७२०९६
१७.	कालिका प्रा.वि.कांती	ऋषिदह	४२६०००१९४२०१	१८६९४	२०७३९.३२८	५९८२.०८	२३४९.७६१०२४	१०३७७.१६९०२
१८.	मष्टामाण्डौं प्रा.वि.माझगाउ	ऋषिदह	४२६००००१९५०१	३७५२६	३००४७.३४८	१२००८.३२	४७१६.८६८०९६	९२४६.५३६०९६
१९.	पिपलसैन प्र.मा.वि.दर्वा	ठाटी	४२६००००२५३०१	९७२६४	७२४३३.८३५	३११२४.४८	१२२२५.६९५७४	१८५२०.०१०७४
२०.	पिपलचौर मा.वि. ठाटी	ठाटी	४२६००००१२३०१	१४३६७१	१०९३२८.६८	४५९७४.७२	१८०५८.८७००२	२९६९१.२७००२
२१.	वगुडा सा.प्रा.वि. वगुडा	ठाटी	४२६००००३४१०१	१३३५६	९३४१.९७	४२७३.९२	१६७८.७९५७७६	१९३८.६८५७७६
२२.	नवदुर्गा प्रा.वि. चौशाल	ठाटी	४२६०००२१४१०१	२१४३०	१४८८९.९४५	६८५७.६	२६९३.६६५२८	३०११.२१०२८
२३.	थापाथली प्रा.वि.	ठाटी		२३५७०	१६३०४.१६	७५४२.४	२९६२.६५४७२	३२३९.२१४७२
२४.	हिमालय प्रा.वि.गांज्रा	कुस्कोछ	४२६००००७११०१	१४००५	९६९८.०८७५	४४८१.६	१७६०.३७२४८	१९३५.०५९९८
२५.	आदर्श प्रा.वि.कुयडा	कुस्कोट	४२६००००१८५०१	६००९३	४६२७८.१५५	१९२२९.७६	७५५३.४४९७२८	१२९६८.३६४७३
२६.	नमूना प्रा.वि. तोलिपाटा	कुस्कोट	४२६०००२१२८०१	१७३९३	१२२२६.०८३	५५६५.७६	२१८६.२३०५२८	२५८५.०७३५२८
२७.	वासुकि मा.वि.नागमाण्डौ	कुस्कोट	४२६००००१३३०१	१५६२२५	११७८४९.५२	४९९९२	१९६३६.८५७६	३१२५३.३७७६
२८.	मालिका प्र.नि.मा.वि.रोगदिना	कुस्कोट	४२६००००१४९०१	५७७०४	३९४४८.०९३	१८४६५.२८	७२५३.१६१९८४	७४६२.५३४९८४
२९.	सरस्वती प्र.नि.मा.वि.रांफा	कुस्कोट	४२६०००१४८०१	७०२७४	५५७१९.६१३	२२४८७.६८	८८३३.१६०७०४	१६७६६.४५३७
३०.	कालिका प्रा.वि.खाढा	कुस्कोट	४२६००००००९९०१	२६४२९	१८१४७.१६३	८४५७.२८	३३२२.०१९५८४	३४९७.४६२५८४
३१.	नवदुर्गा प्रा.वि. वडगाउ	कुस्कोट		२६०८४	२२३२६.१६५	८३४६.८८	३२७८.६५४४६४	७८६७.६९९४६४
३२.	जनकल्याण प्रा.वि.भुवानीगडा	कुस्कोट		१७४९१	१४६५२.४६३	५५९७.१२	२१९८.५४८७३६	४९५७.१३१७३६
३३.	वेतालमाण्ढौं प्रा.वि.हात्तिकोट	हात्तिकोट	४२६००००६७८०१	१६९२६	११६५२.५३८	५४१६.३२	२१२७.५३०४९६	२२७०.३८८४९६
३४.	कालभैरव प्रा.वि.काडागांउ	हात्तिकोट	४२६०००१०२२०१	९२४५	६३८९.१४५	२९५८.४	११६२.०५९५२	१२६४.६०४५२
३५.	कालिका मा.वि.थापागांउ	हात्तिकोट	४२६००००२११०१	१३६३६१	१०१३१७.०९	४३६३५.५२	१७१४०.०३२२६	२५७३१.६४२२६
३६.	नवदुर्गा प्रा.वि. सरुकाली	हात्तिकोट	४२६०००२८८५०१	११३९४	७७७७.६५	३६४६.०८	१४३२.१८०२२४	१४६१.९१०२२४
३७.	पिपलचौर प्रा.वि.हात्तिकोट	हात्तिकोट		८२८५	५५६०.३१२५	२६५१.२	१०४१.३९१३६	९६७.९०३८६
३८.	पुरानाकोट प्रा.वि. गांज्रीगांउ	नन्देगडा	४२६००००२५३०१	१७३२७	११८६३.३६३	५५४४.६४	२१७७.९३४५९२	२२५८.९३७५९२
३९.	सरस्वती प्रा.वि.लेक	नन्देगडा	४२६००००००८४०१	८३१६	५७६७.३३५	२६६१.१२	१०४५.२८७९३६	११५७.७४२९३६

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा									बेरुजू रकम रु.
	४०.	मंगलासैंनी प्र.नि.मा.वि.दुपालत	नन्देगड़ा	४२६००००६८५०१	५४६४४	३८६५३.५३	१७४८६.०८	६८६८.५३२२२४	८३६४.१४२२२४	
	४१.	दुर्गादेवी मा.वि.नन्देगड़ा	नन्देगड़ा	४२६००००००८८०१	२०१९५७	१५२९१३.०५	६४६२६.२४	२५३८५.१८७०७	४०९६७.४७७०७	
	४२.	जानकि प्र.नि.मा.वि.खालेकोट	नन्देगड़ा	४२६००००००८९०१	६५७२२	४४८१५.१३	२१०३१.०४	८२६०.३६२५१२	८३८४.५३२५१२	
					जम्मा	१७९०९८९.५८	७६९६०६.०८	३०२३२०.६३८२	४५८७९३.२९	
४१.	**<u>सामाजिक सुरक्षा भत्तातर्फ</u>** **जेष्ठ नागरिक अशक्त अपाँग, लोपोन्मुख जाति तथा एकल महिला सुरक्षा भक्ता :** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७२, बमोजिम यो वर्ष रु ५.करोड ७० लाख २८ हजार खर्च गरेको देखियो । लेखापरिक्षणको क्रममा भत्ता पाउनेको स्रेस्ता पेश भएकोमध्ये २ बटा बडाहरु ३ र ४ नं छनौट गरि परीक्षण गरिएको छ । स्थानिय निकायले सामाजिक सुरक्षा भत्ता व्यबस्थापन कार्यबिधि अनुरुप लाभग्राहिको फोटोसहितको अनुसुची ५ बमोजिमको मुल अभिलेख अद्यावधिक गरि राख्नुपर्ने व्यबस्था रहेको छ । गाँउपालिकाले उपलव्ध गराएको MIS बिबरणको आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ । सो सम्बनधमा लेखापरीक्षणबाट व्यहोरा देहायबमोजिम रहेका छन									
४१.१.	सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधिको दफा २९ मा गाँउपालिका/नगरपालिकाले आफ्नो क्षेत्र भित्र वितरण गरिएको भत्ता चौमासिक/बार्षिक विवरण अध्यावधिक गरि अनुसुचि ८ बमोजिमको ढाँचामा स्थानिय बडाले गाँउपालीका/ नगरपालिकामा पठाउनुपर्ने व्यवस्था छ। यस कार्यालयमा उक्त विवरण तयार गरिएको देखिएन । कार्यविधिमा भएको व्यवस्थाको कार्यन्वयन भएको पाईएन । विवरण तयार नहुँदा विवरण अध्यावधिक नहुने र आन्तिरिक नियन्त्रणमा असर पर्ने देखिन्छ । कार्यविधिमा भएको व्यवस्थाको कार्यान्वयन हुनु पर्दछ ।									
४१.२.	सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधिको दफा १५ (ङ) अ मा उपदफा (२) मा तोकिएका दिनहरूमा भत्ता/वृत्ति/अनुदान भुक्तानी गर्दा गाँउपालीकाले ले प्रक्रिया मिलाई भुक्तानी गर्ने व्यवस्था मिलाउनुपर्नेछ, प्रत्येक गाँउपालिकामा भत्ता/वृत्ति/अनुदान वितरण गर्दा वडा नागरिकमञ्च तथा स्थानीय राजनैतिक दल एवं समुदायमा आधारित संघसंस्थाका प्रतिनिधि र स्थानीय भद्रभलाद्मीको रोहवरमा वितरण गरेको मुचुल्का समेत तयार गरी एक प्रति गाउँपालिकामा सूचना पाटीमा टाँस गर्ने र एक प्रति लेखा परीक्षणको लागि भर्पाईसँग राख्नु पर्ने उल्लेख छ । गाँउपालीका स्थित वडाहरुले सामाजिक सुरक्षा भत्ता वितरण गरेको मुचुल्का तयार गरि अधिकाँशमा सँलग्न गरेको पाईएन । जसले गर्दा बास्तबिक रुपमा लाभग्राहीले मात्र भत्ता बुझिलिएको बारेमा स्पष्ट रुपमा यकिन गर्ने आधार भएन									
४१.३.	सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७२ को दफा नं २७ मा स्थानिय निकायले भत्ता वृत्ति वितरण प्रक्रियाको निरीक्षण, अनुगमन गर्न जिल्ला समन्वय समितिसँग समन्वय गरी अनुगमन गर्नुपर्ने उल्लेख छ । गाँउपालिकाबाट त्यस्तो अनगुमन तथा निरीक्षण गरेको जनाउने प्रमाण पेश हुन आएन । जसले गर्दा कार्यबिधिमा उल्लेख भएबमोजीम हुनुपर्ने पारदर्शिता कायम भयो भन्नसक्ने आधार देखिएन ।									
४१.४.	**MIS भिडानः-** सामाजिक सुरक्षा सञ्चालन कार्यविधि,२०७२ को दफा १८(ग) वमोजिम केन्द्रिकृत सुचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था भएपनि सिस्टमले काम नगरेको कारणले एक चौमासिकमा मृत्यु भएका वा अन्य कारणले नामावलीमा हटाइएको व्यक्तिको समेत पुनः अर्को चौमासिकमा दोहोरिएर आउने लगायत समस्या देखिएकोले केन्द्रिकृत प्रविष्टी प्रणालीलाई व्यवस्थित गराउनुपर्ने देखिन्छ । गाँउपालीकाबाट प्राप्त MIS अनुसार डाटा भिडान गरि हेर्दा निम्नानुसार भिड्न नआएकोले आधारप्रमाण बेगर भुक्तानी दिएको देखिएको रु....									५४,०००/-

भत्ताको प्रकार	बडा नं	लाभग्राहीको नाम	कैफियत	बिबरण सच्याउदा थप भएको रकम
दलित बालक	४	आएन ताम्राकार	प्रथम चौमासिकको MIS बिबरणमा नाम नभएको	४००
,,	४	आशिक सार्की	,,	८००
,,	४	आयुस सार्की	,,	१६००
,,	४	पुजा सार्की	,,	१६००
बालपोषण भत्ता	४	रितु साउद	दोश्रो चौमासिकको MIS बिबरणमा नाम नभएको	१६००
,,	४	बिबेक साउद	,,	१६००

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम रु.

,,	४	सोस्तीका साउद	,,	१६००
दलित बालबालिका	३	विभिन्न २ जना	प्रथम चौमासिकको MIS बिवरणमा १६८ भएकोमा १७० बनाई खर्च लेखेकोले नाम थपिएको २ जना	३२००
बालपोषण भत्ता	३	विभिन्न ६ जना	प्रथम चौमासिकको MIS बिवरणमा २१४ भएकोमा २२० बनाई खर्च लेखेकोले नाम थपिएको ६ जना	९६००
,,,,	३	बिक्रम बुढा	प्रथमचौमासिकको MIS बिवरणमा नाम नभएको	८००
,,	३	सुमन बि.क	,,	१६००
,,	३	स्वस्तीका बि.क	,,	१६००
,,	३	राज कु. साउद	,,	१६००
एकल महिला	३	मन्धरी बुदा	,,	४०००
दलित बालबालिका	३	विभिन्न १४ जना	दोश्रो चौमासिकको MIS बिवरणमा १५७ भएकोमा १७१ बनाई खर्च लेखेकोले नाम थपिएको १४ जना	२२४००
			जम्मा	**५४,०००/-**

योजना अनुसार दुई वडाको रु. १,७२,४२,०००- को भरपाई परीक्षणबाट नाम थपेको, जन्ममिति केरमेट गरेकाMIS मा लगत नभएको लगायत व्यहोरा देखिएकोले अन्य वडाबाट वितरण भएको रकममा समेत सो व्यहोरा नहोला भन्न नसकिएकोले रु. ३९,७८,५६,००।- बिरतणमा समेत गाँउपालिकाबाट छानबिन गरी खर्च रकम यकिन गर्नुपर्दछ ।

४१.५. **परिचयपत्र बितरण** :– सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधि, २०७२ को दफा १० मा सुबिधा उपभोग गर्न ईच्छुक र योग्य नागरिकले अनिबार्य रुपमा परिचयपत्र लिनुपर्ने व्यवस्था रहको छ । सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा कार्यालयले उपलब्ध गराएको MIS र भक्ता बितरण भरपाई परीक्षण गर्दा कुनैपनि लाभग्राहीको परिचयपत्र उल्लेख गरिएको पाईएन । यसरी परिचयपत्र जारी नगरि भक्ता बितरण गर्दा बितरण कार्यमा अनियमितता हुने, लक्षित बर्गसमक्ष रकम नपुग्ने र अभिलेख तथा सुचना प्रबाह प्रणाली ब्यबस्थापन कमजोर हुने साथै लक्षीत बर्गले भत्ता प्राप्त गरे नगरेको यकिन गर्न नसकिने भएकोले कार्यालयले शिघ्र परिचयपत्र बितरण गरि आर्थिक अनुसासन कायम गराउनुपर्ने देखिन्छ ।

४१.६. **सामाजिक सुरक्षा समन्वय समिति** - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७२ को दफा ३८ मा प्रत्येक गाउँपालीका र नगरपालिकाले सामाजिक सुरक्षा भत्ता/वृति प्राप्त गर्न योग्य भएका सबै लक्षित समूहले नयाँ परिचयपत्रका लागि दिएका निवेदन उपर छानबिन गरी परिचयपत्र प्रदान गर्नका लागि सिफारिस गर्न तथा सामाजिक सुरक्षा कार्यक्रमको रकम प्रवाहको स्थानीयस्तरमा अनुगमन गर्न गाउँपालिकाको निर्वाचित जनप्रतिनिधि प्रमुख वा सो जिम्मेवारी तोकिएको पदाधिकारीको अध्यक्षतामा एक स्थानीय सामाजिक सुरक्षा समन्वय समिति गठन गर्नुपर्ने व्यवस्था छ । सो व्यवस्था अनुसार जिल्लाका गाउँपालिकाले स्थानिय सामाजिक सुरक्षा समन्वय समिति गठन गरी परिचयपत्र वितरण संख्या, नविकरण गरिएको संख्या र लगत कट्टा गरिएको संख्याको निर्णयसहितको स्पष्ट विवरण पेश गरेको पाइएन ।

४१.७. **जेष्ठ नागरिक औषधि उपचार खर्च -** नेपाल सरकारले आ.ब.२०७१।७२ को बजेट बक्तब्य मार्फत लागु भएको राज्यका ७० वर्ष पुगेका सबै ज्येष्ठ नागरिकहरुलाई औषधी उपचार खर्चको रुपमा रकम उपलब्ध गराउने निर्णय गरेकोमा गाँउपालीकाले आ.व. २०७४।७५ मा औषधि उपचार बापतको रकम वितरण गर्दा उमेर पुगेका प्रत्येक गाँउपालीका तथा नगरपालिकाको सबै ज्येष्ठ नागरिकहरुको छुट्टै लगत खडा गरी राखेको पाइएन । यसले स्पष्ट लक्षित समुहको वर्गीकरण गरी ७० वर्ष उमेर समूहका सबै नागरिकलाई जेष्ठ नागरिकमा अद्यावधिक गरी लगत खडा गर्नुपर्ने देखिन्छ ।

४१.८. **निकासा फिर्ता :-** आर्थिक कार्यबिधि नियमाबली २०६४ अनुसार खर्च गर्न बाँकी रकम सञ्चीत कोषमा दाखिला गर्नुपर्दछ । सामाजिक सूरक्षा ससर्ततर्फ ३ चौमासिकमा रु ५,७०,२७,६००।- निकासा भएकोमा रु ५६९३१,२००।- को बिल भरपाई पेश भएको र रु ४३०००।०० को बेरुजु दाखिला भएको र बाकी रकम गाँउपालीकाको सँचित कोषमा दाखिला गरेकोले उक्त शशर्त अनुदान अन्तर्गतको रकम बेरुजु खातामा दाखिला गर्नुपर्ने देखिएको रु.... — ५३,४००/-

४१.९. **बैक खाता :** सामाजिक सुरक्षा सञ्चालन कार्यविधि,२०७२ को दफा २२(ख) वमोजिम बैंकिङ सुविधा

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम रु.
	भएमा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने व्यवस्था गरे अनुसार गाँउपालिकाले ग्रामिण इलाकामा बैकिङ्ग सुबिधा नभएकोले वडा सचिवले नगद बितरण गर्ने गरेको छ । अन्य स्थानीय निकायले वडा जनप्रतिनिधिको रोहवरमा बितरण गर्ने गरेता पनि गाँउपालिकाले घरदैलामा नै भक्ता वितरण गर्दा नियन्त्रण तथा सन्तलनको अवस्था नरहेबाट सामाजिक सुरक्षामा भएको वार्षिक खर्च आश्वस्त हुने आधार देखिएन । हाल गाँउपालिकामा बैङ्क समेत स्थापना भएको देखिएकोले नियमानुसार बैकिङ्ग प्रणली मार्फत भत्ता वितरण गर्नुपर्दछ ।	
४१.१०	**भत्ता रकम बितरण-** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७२ को दफा १५ (क) अनुसार गाँउपालीका नगरपालीकाले प्रथम चौमासिकको असोज १ गतेबाट दोश्रो हप्ताभित्र, दोश्रो चौमासिक माघको १ गतेबाट दोश्रो हप्ताभित्र तथा तेश्रो चौमासिक जेठ १ गतेबाट दोश्रो हप्ताभित्र भुत्तानी गरिसक्नुपर्ने व्यवस्था रहेको छ । गाँउपालीकाले चौमासिक रुपमा पेश्की उपलब्ध गराई सेबाग्राहीलाई सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउनुपर्नेमा पहिलो चौमासिक मंसीर ८ , दोश्रो चौमासिकको चैत्र १२ तथा तेश्रो चौमासिक असार २५ गते मात्र पेश्की दिई भरपाई सँलग्न गरि फछ्र्यौट गरेको छ । यसबाट कार्यबिधिको पालना भएको मान्न सकिएन । सामाजिक सुरक्षाको लागी सरकारले तयार गरको नियमाबलीका पालना गरि खर्च लेख्नुपर्दछ ।	
	<u>दुर्गमक्षेत्र विकास समिति</u>	
४२.	**बढी भुक्तानी :** सार्बजनिक खरिद नियमाबली २०६४ को नियम ९७(४) मा उपभोक्ता समितिलाई भुक्तानी दिंदा जनसहभागिताको अंश कट्टा गरेरमात्र भुक्तानी दिनपर्ने व्यवस्था छ । कार्यालयले बजेडी खोला झोलुङ्गेपुल निर्माण उपभोक्ता समितिलाई रु.४,८८,७९४/- भुक्तानी खर्च लेखेकोमा नियमानुसार उपभोक्ता योगदान कट्टा गरेको छैन । निर्माण कार्यको कार्य सम्पन्न प्रतिवेदनमा रु.५,०८,८८८/- कार्य सम्पन्न भएकोमा कन्टेन्जेन्सी रकम रु.२५,४४४/४१ मात्र कटाई रु.४,८३,४४३/५९ भुक्तानी गर्नुपर्नेमा रु.४,८८,७९४/- खर्च लेखेको छ । विगतमा दुर्गम क्षेत्रविकास समितिबाट संचालन भएको उक्त पुलको संझौता पेश नभएबाट उपभोक्ताको योगदान बापत कति रकम कट्टा गरी भुक्तानी गर्नुपर्ने यकिन नभएकोले संझौता अनुसार उपभोक्ता योगदान र बढी भुक्तानी गरेको रु.५,३५१/- समेत हिसावगरी असुल हुनुपर्ने रु.....	५,३५१/-
	<u>साना सिंचाई आयोजना(SIP)</u>	
४३.	**अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८८ अनुसार अग्रिम कर कट्टा गरेर मात्र भुक्तानी गर्नुपर्नेमा निम्न फर्मबाट निर्माण सामाग्रि खरिद गर्दा अग्रिम कर कट्टा नगरी भुक्तानी गरेको देखिएकोले असुल गर्नुपर्ने रु.....	११,४०१/-

आयोजनाको नाम	फर्मको नाम	भुक्तानी रकम	असुल गर्नपर्ने
पानीमुल सिंचाई नि.उ.स.	भीम निर्माण सेवा	२,३८,५७६/६५	३,५७८/६५
बुढाखोला सिंचाई नि.उ.स.	भीम निर्माण सेवा	२,२५,५१२/५५	३,३८२/६९
सेरा सिंचाई ज.उ.स.	नयाँ हार्डवेयर	२,९५,९९३/७५	४,४४०/००
			११,४०१/२५

४४.	**अन्य प्रयोजन खर्च :** सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढांचा अनुसूची -१ को व्यवस्था रहेको छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २.५ प्रतिशत र सानातिना अन्य प्रशासनिक खर्च २.५ प्रतिशत गरी ५ प्रतिशत कन्टिन्जेन्सी वापत थप गर्ने व्यवस्था रहेको छ । सो अनुरुप निर्माण कार्यको लागत अनुमानको ५ प्रतिशतसम्म कन्टिन्जेन्सी खर्च गर्न सकिने मान्यता राखी कन्टिन्जेन्सी कट्टा भएकोमा कार्यालयले भ्रमण भक्ता बापत रु.८८,२००/- खर्च गरेकोमा स्रोत व्यक्ति, वडा सचिव, भर्ना छनौटमा संलग्न कर्मचारीहरुलाई भुक्तानी गरेको देखिएकोले साना सिंचाई आयोजनासंग असम्बन्धिक खर्च रु.७१,१८०/-आयोजनाको कन्टिन्जेन्सीबाट खर्च लेख्न मिल्ने नदेखिएको अनियमित रु....	७१,१८०/-
४५.	**पेश्की बाँकी:-** आर्थिक बर्षको अन्त्यमा निम्नानुसार पेश्की बाँकी रहेको देखिएकोले सार्वजनीक खरिद	

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम रु.
	नियमावली, २०६४ को नियम ११३ अनुसार फछ्र्यौट गर्नु पर्ने देखिएको रकम रु....	३६,९२,४००/-

f;=g+	vr{ lziflS	k]Z;L lng]sf] gfd	रकम
१.	सार्वजनिक निर्माण	बाघबस्ने खोला गोपालेगाँउ जल उ.स.	४,९५,०००/-
२.	सार्वजनिक निर्माण	बगडी सिंचाई जल उ.स.	६,७५,०००/-
३.	सार्वजनिक निर्माण	उदागडा चिन्डेना जल उ.स.	५,४०,०००/-
४.	सार्वजनिक निर्माण	पानीखाल गडेना जल उ.स.	४,१८,०००/-
५.	सार्वजनिक निर्माण	काटेखोला रक्सेखेत सिंचाई जल.उ.स.	५,४०,०००/-
वित्तिय समानिकरण पूँजीगत तर्फ		सिप्रदी ट्रेडिङ्ग प्रा.लि.	१०,१२,४००/-
		जम्मा	३६,९२,४००/-

४६. **बहुक्षेत्रीय पोषण**

नर्म्स अनुसार खर्च नगरेको : अर्थ मन्त्रालय कार्यसञ्चालन निर्देशिका, २०७३ अनुसार तोकीएको नर्म्समा आधारित भई कार्यक्रम संचालन गर्नुपर्ने उल्लेख छ । बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तरगत शिक्षा क्षेत्र अन्तर्गत माध्यमिक बिद्यालय कक्षा ९ र १० मा अध्यायनरत छात्रा छात्रहरुलाई पोषण सम्बन्धि १ दिने क्षमता विकास तालिम १५० जनालाई दिन रु.६०,५००/-, शिक्षक, व्यवस्थापन समिति सदस्य र अभिभावक, शिक्षक संघलाई पोषण सम्बन्धि तालिम कार्यक्रममा रु.६९,९००/- र बाल ल्कवलाई पोषण सम्बन्धि अभिमूखिकरण (३० जना) तालिममा रु.४२,०००/- खर्च गर्ने गरी स्रोत व्यक्ति श्री कालु सिं बोहरालाई दिएको रु.१,७२,४००/- को पेश्की फछ्र्यौट गरेकोमा बहुक्षेत्रीय पोषण संयोजकबाट जिल्लास्तरमा गरिने कार्यक्रममा तोकिएको नर्म्स अनुसार खर्च नगरी बढी खर्च गर्नुका साथै बील भरपाई समेत पुरा पेश नगरेको देखिएकोले बील भरपाई नपुग रकम रु.११,४२५/- र नर्म्सभन्दा बढी खर्च गरेको रु.११,५००/- गरी जम्मा रु.२२,९२५/-असुल गरी केन्द्रीय सञ्चित कोषमा दाखिला हुनुपर्ने रु.... २२,९२५/-

क्रियाकलाप	किशोर किशोरी शिक्षा	शिक्षक व्यवस्थापक शिक्षा	बालल्कव शिक्षा	हुनुपर्ने जम्मा खर्च	भएको खर्च	बढी खर्च
प्रशिक्षक भक्ता	१५,०००/-	९,०००/-	७,२००/-	३१,२००/-	३६,३००/-	५,१००/-
चिया खाना नास्ता	१६,५००/-	७,५००/-	६,९००/-	३०,९००/-	३०,९००/-	-
स्टेशनरी	१५,०००/-	७,५००/-	६,०००/-	२८,५००/-	२५,८७५/-	-
मशलन्द व्यानर	७,५००/-	३,०००/-	३,०००/-	१३,५००/-	१६,०००/-	२,५००/-
कार्यालय सहयोगी भक्ता	१,५००/-	९००/-	९००/-	३,३००/-		-
तालिम संयोजक प्रतिवेदन	५,०००/-	३,०००/-	०	८,०००/-		-
सहभागी भक्ता	०	३०,०००/-	१८,०००/-	४८,०००/-	५१,९००/-	३,९००/-
अनुगमन प्रतिवेदन	०	९,०००/-	०	९,०००/-		-
जम्मा रु.	६०,५००/-	६९,९००/-	४२,०००/-	१,७२,४००/-	१,६०,९७५/-	११,५००/-

४७. **आन्तरीक आम्दानी :-** खर्च तथा आम्दानी पुष्टि हुने गरि प्रमाण राख्नुपर्दछ ।गाँउपालिकाले यो बर्ष रु ४,२३,०६६।४१ आन्तरीक आम्दानी गरको देखाएको छ । आन्तरीक आम्दानी गर्दा राख्नुपर्ने निम्नानुसार खाता एबं अभिलेख नराखेकोले त्यति नै आम्दानी हो भनि यकिन गर्न सक्ने आधार भएन । कार्यालयले अभिलेख व्यबस्थीत गरि आम्दानी एकिन गनुपर्ने देखिएको रु ४,२३,०६६/-

सि.नं	बिबरण
१	आन्तरीक आयमा प्रयोग हुने रसिदको छपाई, आम्दानी , खर्च र बाँकीको अभिलेख देखिने रसिद नियन्त्रण खाता नराखेको
२	बडालाई बुझाएको रसिद फिर्ता लिई आम्दानी एकिन नगरको
३	राजस्व असुली को दैनिक अभिलेख किताब म.ले.प.फा.नं १०८ नराखेको
४	आम्दानी असूली एबं दाखिला म.ल.प.फा.नं २३ नराखेको

४८. **जिन्सी व्यबस्थापन-**जिन्सी निरीक्षण गरी प्राप्त भएका जिन्सी सामानहरु आम्दानी बाधिए नबाधिएको, प्रयोगको अवस्था गतवर्षको उयपोग र यस वर्षको परिमाण समेत मूल्याङ्कन गरी प्रतिबेदन तयार गर्नुपर्ने र प्रतिवेदनमा उल्लेखित व्यहोरा कार्यान्वयन गर्नुपर्ने व्यबस्था छ । खरिद भएको खप्ने सामानहरु दाखिला गर्दा फारमले निर्दिष्ट गरेका मूल्य, स्पेशिफिकेशन, प्राप्तिका स्रोत लगायत विवरण उल्लेख गरी दाखिला

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम रु.
	व्यवस्थित गरेको छैन । सामान खरिद गर्नुपर्दा स्पेशिफिकेशन तयार गर्ने नगरेको देखिएकोले जिन्सी व्यवस्थापन कमजोर देखिएको छ । गाँउपलिका कार्यालय स्थापनाको शुरुवात चरणमा रहेकोले शुरु देखि नै जिन्सी व्यवस्थित गर्नेतर्फ ध्यान पुऱ्याई नियमाबलीको पालनामा ध्यान दिनुपर्दछ ।	
४९.	**आन्तरिक लेखापरीक्षण व्यहोरा :** आन्तरिक लेखापरीक्षणबाट देखिएको बेरुजुको प्रमाण जुटाई अनितम लेखापरीक्षण हुनु अगावै फछ्र्यौट गरिसक्नु पर्ने व्यवस्था रहेकोमा गाँउपालिकाले यस वर्ष आन्तरिक लेखापरीक्षणबाट औल्याएको निम्न अनुसारका बेरुजुहरु हालसम्म फछ्र्यौट गरेको नपाइएकोले सम्बन्धित कर्मचारीहरुबाट असुल फछ्र्यौट गर्नुपर्दछ ।	
४९.१.	गाँउपालिकाले निम्नानुसार भुक्तानी बहाल कर कट्टि नगरि भुक्तानी गरेकोले असुल हुनुपर्ने रु....	६९,५००/-

भौ.नं मिति	व्यबसायीको नाम	बहाल कर रु
१२-०७४/०९/२७	उपभोक्ता समिति	७५००
४५-०७४/१२/२६	सिचाई कुलो निर्माण कुलो निर्माण उ.स	२८००
६५-०७५/२/२१	गँगा जमुना उ.स	२८००
९-०७४/०३/१९	कासागाढ लघु जलबिद्युत उ.स	३०००
बडा नं २ १७/०७५/०३/२९	चण्डीका मा.बि फर्निचर	५४००
बडा नं३ ४-०७५/३/२०	सँजिबा नरेन्द्र ब राबल पे.फ	१३०००
बडा नं ४ १-०७५/०३/२०	मैठामाण्डु बासुकी ओखेला खानेपानी उ.स	६०००
बडा नं ४ २-०७५/०३/२०	नबदुर्गा प्रा.बि घेरापर्खाल निर्माण	१४००
बडा नं ४ ३-०७५/०३/२०	ओडगाँउ टोल खापा उ.स	२२००
बडा नं ४ ५,०७५/०३/२०	नन्दमाता निर्माण उ.स	२२००
बडा नं ५ ३-०७५/०३/२०	आराखोला सालमैना सिचाँई	१४००
बडा नं ५ ३-०७५/०३/२०	अप्रोपियट ईन्जीनियरीङ सेवा	६०००
बडा नं ५ ६०७५/०३/२०	कापडी सिँचाई पोखरी मर्मत सेवा	१८००
बडा नं ५ ९-०७५/०३/२०	जनता मा.बि घेरापर्खाल	९५००
बडा नं ५ ८-०७५/०३/२०	सैनागढी सिचाँई मर्मत	३१००
बडा नं ५ ८-०७५/०३/२०	मङ्घरा सिचाँई पोखरी निर्माण उ.स	१४००
		६९,५००/-

४९.२.	बडा नं ३ , २१- ०७५।०३।१९ रामारोशन गा.पा बडा नं १ का बडासचिब राम ब भण्डारीलाई बिभिन्न कार्यक्रमको लागी भुक्तानी दिँदा कट्टि गर्नुपर्नेमा पारीश्रमिक कर कट्टि नगरि भुक्तानी गरेकोले असुल गर्नुपर्ने रु....	३,०००/-
५०.	**बित्तिय जबाफदेहिता** : प्रत्येक मन्त्रालय, सचिवालय, संवैधानिक अङ्ग, विभागीय प्रमुखले आफू र अन्तर्गत निकायबाट सम्पादन गरिने कार्यहरू मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी बित्तिय जबाफदेहिता बहन गर्नु पर्ने देखिन्छ । यसैसाथ सँलग्न अनुसुची १ मा उल्लेखित बित्तिय जबाफदेहिताका सुचक को आधारमा कार्यालयको बित्तिय जबाफदेहिताको स्थिति मुल्याङ्कन गर्दा संगठन संरचना तथा कार्य विवरण एबं जिम्मेबारी स्वीकृत नभएको, आन्तरीक नियन्त्रण प्रणाली स्वीकृत नगरेको,कार्यक्रम संचालन तथा बजेट खर्च कम भएको, बेरुजु लगत तथा फछ्र्यौटको स्थीति शुन्य रहेको, नागरिक बडापत्र नरहेको तथा सेवा प्रबाहको गुणस्तरीयता अभिबृदिको उपायमा कमजोर रहेको, आदी कारणबाट ग्रेड **C** मा पर्न गएको देखिन्छ । अत बित्तिय जबाफदेहिताका मुख्य पक्षहरु व्यबस्थापकीय, बित्तिय व्यबस्थापन, सेवा प्रबाह तथा खरिद व्यबस्थापन र ठेक्का सम्झौता कार्यान्बयनमा कार्यालयले बिशेष ध्यान दिनुपर्ने देखिन्छ ।	
५१.	**बेरुजू** - गाँउपालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने बेरुजू रु.१९ लाख ८५ हजार, अनियमित बेरुजू रु.१३ लाख २ हजार, प्रमाण कागजात पेश नभएको बेरुजू रु.१ करोड २४ लाख ६२ हजार र पेश्की बाँकी देखिएको रु.३६ लाख ९२ हजार समेत रु.१ करोड ९४ लाख ४१ हजार बेरुजू कायम भएकोमा	

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम रु.
	प्रतिक्रिया प्राप्त भएकोमा कुनै पनि दफा फछ्र्यौट हुन नसकेबाट सोही व्यहोरा बेरुजू कायम भएको छ ।	
५२.	**अनुगमन तथा मूल्याङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४(२) (घ) बमोजिम वेरुजू फछ्र्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । कार्यालयले गत वर्षको बेरुजू फछ्र्यौट गरेको देखिएन । गत वर्षको बेरुजू स्थिति निम्नानुसार देखिएको छ :	

रु हजारमा

गत वर्षको बेरुजू रकम (रु.) (A)	यो वर्ष फछ्र्यौट (B)	बाँकी (C= A-B)
३२४३	७२	३१७१

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम रु.
५३.	**अद्यावधिक बेरुजू स्थिति :** गाँउपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजू स्थिति देहाय अनुसार रहेको छ :	

रु हजारमा

गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) ©	यो वर्षको सं प.बाट कायम बेरुजू रु. (D)	यो वर्षको कायम बेरुजू रु. (E)	बाँकी (F=C+D+E)
३१७१	-	१९४४१	२२६१२

मेल्लेख गाँउपालिका अछामको यो वर्षको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार) अनुसूची- १

२०७४।७५

(रु.हजारमा)

सि. नं.	जिल्ला	स्थानीय तहको नाम	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजू			बाँकी बेरुजू								
			दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	अशुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
			सैदान्तिक	लगती		सैदान्तिक	लगती		सैदान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजश्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
१.	अछाम	मेल्लेख गाउँपालिका	३८	३७	१९४४१	०	०	०	३८	३७	१९४४१	१९८५	१३०२	१२४६२	०	०	१३७६४	०	३६९२	३६९२

अनुसूची- २

स्थानीय तह सञ्चित कोष विवरण

२०७४।७५

(रु.हजारमा)

क्र. सं.	स्थानीय तह	जिल्ला	आय				जम्मा आय	व्यय				मौज्दात
			गत वर्षको जिम्मेवारी	समानीकरण अनुदान	सशर्त तथा अन्य बजेट अनुदान	अन्य आय		चालु खर्च	पूँजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	
			१	२	३	४	५ (२+३+४)	६	७	८	९ (६+७+८)	१० (१+५-९)
१.	मेल्लेख गाउँपालिका	अछाम	६४१०	१८६८९५	१८०४२३	४४१	३६७७५९	१३९५७०	१२२१५०	८२४२०	३४४१४०	३००२९